सरकार सही दिशातर्फ उन्मुख छ : मन्त्री गुरुङ | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक १५४ • २०८१ साल कार्तिक १० गते शुक्रबार (26 October, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

# विवाह महोत्सवमा प्रदेश सरकारको हस्तक्षेप

## जानकी मन्दिर परम्परागत कार्यक्रममा सीमित रहने

**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान सीताराम विवाह महोत्सव भव्यरुपमा मनाउन तयारी थालिएको बेला मधेश प्रदेश सरकार र जानकी मन्दिरबीच समन्वयको अभाव देखिएको छ ।

विवाह महोत्सवमा भारतको अयोध्याबाट आउने जन्ती, फूलबारी लीला, नगर दर्शन, स्वयंवर, मटकोर, धनुषयज्ञ, तिलकोत्सव, रामकलेवालगायतको परम्परागत कार्यक्रमको औपचारिक रुपमा मात्र जानकी मन्दिरले गर्ने भएको छ ।

मधेश प्रदेश सरकारले भारतबाट आउने जन्तीको स्वागत सत्कार, आवास, भोजन, विदाई, नगरदर्शन, फूलबारी लीला लगायतको कार्यक्रमहरुको बृहत्त आयोजन गर्ने बताइएको छ ।

प्रदेश सरकारले शिक्षा तथा संस्कृति मन्त्री रानी तिवारीको संयोजकत्वमा स्वास्थ्य, खानेपानी लगायत ५ जना मन्त्रीसहितको सुझाव दिन समिति गठन गरेको छ । समितिले प्रतिवेदन दिएपछि सरकारले त्यस अनुसारको तयारी गर्ने मुख्यमन्त्री सतीश कुमार सिंहले जनाएका छन् ।

समितिका संयोजक मन्त्री तिवारी, सदस्यहरु स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन प्रसाद सिंह कोइरी, खेलकुद तथा समाजकल्याण मन्त्री प्रमोद कुमार जयसवाल, उर्जा, सिँचाई तथा खानेपानी मन्त्री शेषनारायण यादव र वाणिज्य तथा पर्यटन मन्त्री सकिल मियाँ सहितको टोलीले शुक्रबार जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवसित छलफल गरेका छन् ।

विवाह महोत्सवमा आयोजना गरिने कार्यक्रमहरुलाई विस्तृत र व्यवस्थित रुपमा गर्न प्रदेश सरकारले चाहेको बताउँदै टोलीले त्यसका लागि गर्नुपर्ने कामको जानकारी मागेका थिए । प्रदेश सरकारले महोत्सवलाई भव्यता पूर्वक मनाउन जन्तीको स्वागत, सत्कारलगायत आवास, भोजन, विदाईसमेतको कार्यहरु गर्ने मन्त्रीहरुले

> बाह्रविघामा स्वयंवर, नगरदर्शन, धनुषयज्ञ, साधुसन्तहरुका लागि ठूलो मञ्च, आवास, भोजन, विदाईलगायतका कामहरु प्रदेश सरकारले गर्ने भएपछि जानकी मन्दिरको परम्परागत कार्यक्रमहरु भने पूर्ववत नै हुने महन्त वैष्णवले बताए ।

जनाएका छन् ।

भारतको अयोध्याबाट हरेक वर्ष विवाह महोत्सवमा जन्ती आउने गरेको छ ।

प्रत्येक ५ वर्षमा जन्ती आउने भएपछि यसपटक भव्यरुपमा तयारी गरिने भएको छ । जन्तीको स्वागत सत्कार पनि भव्य रुपमा हुँदै आएका छ । यस वर्ष राममन्दिर ट्रष्टका सचिव चम्पत रायको अगुवाइमा जन्ती आउने भएको छ ।

त्यसका लागि जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले बृहत्त सर्वपक्षीय बैठकको आयोजना गरी जन्तीका लागि अयोध्यामा निम्तो पठाइसकेका छन् । जन्तीको स्वागत, सत्कार, आवास, भोजनको जिम्मेवारी मारवाडी सेवा समितिले निर्वाह गर्दै आएको छ । तर यस वर्ष ५ सयको संख्यामा जन्ती आउने भएकाले त्यसको व्यवस्थापन गर्न प्रदेश सरकारले चासो लिएको छ । प्रदेश सरकारले चासो लिएपछि जानकी मन्दिर बृहत्त आयोजनबाट पछाडि हटेको छ ।

जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले ५ सयको संख्यामा आउने जन्तीका लागि जानकी मन्दिर परिसरमा मञ्च व्यवस्थापनलगायतमा समस्या हुने बताएका छन् ।

'विवाह महोत्सवमा भारतको उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ आउँदा प्रदेश सरकारले कार्यक्रमहरु बाह्रविघामा आयोजन गरेका थिए' उनले भने, जानकी मन्दिर परिसरमा बृहत्त आयोजन गर्न कठिनाई हुने भएकाले प्रदेश सरकारले बाह्रविघामा कार्यक्रम गर्नु उपयुक्त हुनेछ ।

बाह्रविघामा स्वयंवर, नगरदर्शन, धनुषयज्ञ, साधुसन्तहरुका लागि ठूलो मञ्च, आवास, भोजन, विदाईलगायतका कामहरु प्रदेश सरकारले गर्ने भएपछि जानकी मन्दिरको परम्परागत कार्यक्रमहरु भने पूर्ववत नै हुने महन्त वैष्णवले बताए ।

महन्त वैष्णवले भने, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको कार्यक्रम पनि बाह्रविघामा नै आयोजना गरिएको थियो ।

अयोध्याबाट आउने जन्तीलाई पनि औपचारिक रुपमा हजाम(ठाकुर) पठाएर निम्तो दिने काम पनि प्रदेश सरकारले गर्ने जनाउ अयोध्याका सन्तहरुलाई पठाएको उनले बताए ।

अयोध्याबाट आउने जन्तीलाई औपचारिक रुपमा निम्तो दिन अहिले पनि हजाम नै पठाइने गरिन्छ । मिथिलाको परम्परा अनुसार भोजपत्रमा जन्ती आउन निम्तो सहित डाली(चँगेरा) मा एकजोर धोती, सुपारी, धान लिएर तिहारपछि हजाम अयोध्या जाने छन् ।

जानकी मन्दिरले निर्वाह गर्दै आएको सो परम्परा अब प्रदेश सरकारले निर्वाह गर्नेछ । प्रदेश सरकारले जन्ती आउने निम्तो अयोध्या पठाइने सुझाव महन्त रामतपेश्वर दास वैष्णवले दिएका छन् ।

पञ्चवर्षिय विशेष बिबाहमहोत्सवको आयोजना बाह्रबिघामा गरिदै आएको छ । कोरोनाकालमा पनि जानकी मन्दिरले सीमित रुपमा मन्दिर भित्रै विवाह महोत्सवको आयोजना गरेको थियो । बृहत्त आयोजनाका लागि प्रदेश सरकारको अग्रसरता सकारात्मक रहेको महन्त वैष्णवले बताए ।

## अत्यन्त जरुरी सूचना

नेपाल सरकारले ननग्रेडड तथा SEE फेल को लागि उच्च शिक्षामा अध्ययन गर्न बाटो खोल्यो, ८० प्रतिशत प्राक्टिकल शिक्षामा अधारित पाठ्यक्रम भएको CTEVT बाट स्वीकृत तपसिलको कोर्षहरुमा भर्ना खुल्यो ।

१. प्रि– डिप्लोमा इन कम्पुटर इन्जिनियरिंग
२. प्रि– डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग
३. सर्भे इन्जिनियरिंग (अमिन नापी) तालिममा भर्ना खुल्यो

यस कोर्षहरुमा १ वर्षको अध्ययन अध्यापन र ६ महिनाको OJT हुने छ ।

४. डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिंग – ३ बर्षे कार्यक्रममा केही सीट रित्त रहेकोले इच्छुक विद्यार्थीहरु समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क स्थान
नेपाल टेक्निकल इन्स्टिच्युट, जनकपुरधाम
सम्पर्क नं. ०४१–५२७३३६, ९८०११२४३३६, ९८०१०४८६१७, ९८५४०२४६०३

## भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!


पुर्वान्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त सबै भन्दा पुरानो, उच्चतम परीक्षाफल, नेपाल इन्जिनियरिंग परीषद बाट मान्यता प्राप्त मधेश प्रदेशको इन्जिनियरिंग कलेजको १६ औं ब्याचमा भर्नाको लागि समयमै सम्पर्क गर्नुहोला ।

BE CIVIL 4 Years | BBA 4 Years | MBA 2 Years

फाराम भर्ने अन्तिम मिति २०८१/७/२२ गते सम्म

सम्पर्क स्थान
सेन्ट्रल इन्जिनियरिंग/म्यानेजमेन्ट कलेज, जनकपुरधाम
सम्पर्क नं. ०४१–५२७३३६, ९८५४०२१९८७, ९८०१०४८६१७, ९८५४०२४६०३



## सत्ता साझेदार दलको साझा धारणा :
# सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा स्वीकार्य हुँदैन

काठमाण्डु । सत्ता समीकरणमा रहेका दलले सडकबाट लोकतान्त्रिक व्यवस्था र सरकारको विकल्प खोज्ने कुरा कुनै पनि अर्थमा स्वीकार्य नहुने स्पष्ट पारेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार बसेको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा लोकतन्त्रको विकल्प अझ उन्नतस्तरको लोकतन्त्र भएको र सरकारको विकल्प खोज्ने बाटो संसद र नयाँ जनादेश भएको उल्लेख छ । संयुक्त वक्तव्यमा भनिएको छ, "त्योभन्दा भिन्न तरिकाबाट अघि बढ्ने प्रयास लोकतन्त्रको मूल्य र मान्यताविपरित हुने कुरा स्पष्ट छ । यसप्रति सचेत र सजग रहन हामी सम्बद्ध पक्षको ध्यानाकर्षण गर्दछौं ।"



संयुक्त वक्तव्यमा प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणु यादव, जनमत पार्टीका अध्यक्ष डा सिके राउत, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले हस्ताक्षर गर्नुभएको छ । 'शीर्ष नेताबाट सरकारको सय दिन, समसामयिक मुद्दा र आगामी योजनाबारे संयुक्त वक्तव्य' नाम दिइएको उक्त साझा अवधारणामा सरकारको काम कारबाही तथा एक सय दिनको काम समेटिएको छ ।

वर्तमान सरकार गठनका समयमा मुलुक चरम आर्थिक सङ्कटको अवस्थामा रहेको, उद्योगी-व्यवसायीहरुको मनोबल गिरेको, वैदेशिक रोजगारी र अध्ययनका नाममा ठूलो सङ्ख्यामा युवा पलायन भइरहेको, बजेटको अभावमा राज्यबाट सञ्चालित विकासका आयोजनाको भुक्तानी हुन नसकेको तथा विकास निर्माण अवरुद्ध रहेको स्मरण गरिएको छ । "संवैधानिक, कानुनी र संरचनागत सुधारसमेतका माध्यमबाट राजनीतिक स्थायित्वको आधार तयार गरी मुलुकको लोकतान्त्रिक भविष्यलाई सुदृढ गर्दै सुशासन, विकास र समृद्धिको दिशामा अघि बढ्ने सङ्कल्पका साथ गठन भएको वर्तमान सरकारले सय दिन पूरा गरेको छ", वक्तव्यमा भनिएको छ ।

सरकारको नीति, कार्यक्रम र बजेट पूर्ववर्ती सरकारको पालामा पारित भइसकेको अवस्थामा बनेको वर्तमान सरकारले राजनीतिक र प्रशासनिक पहलकदमीका माध्यमबाट मुलुकलाई आर्थिक सङ्कटको अवस्थाबाट बाहिर निकाल्न, सुशासन र विकासको दिशामा अघि बढाउन महत्वपूर्ण कदम अघि बढाएको उल्लेख छ । मुलुकमा विद्यमान सङ्कट र चुनौती सामना गर्दै मुलुकको लोकतान्त्रिक भविष्यलाई थप सुदृढ बनाउने उद्देश्यसहित गठन भएको सरकारलाई थप प्रभावकारी बनाउने संयुक्त धारणामा उल्लेख गरिएको छ ।

"सरकार साझेदार दलहरु सम्पन्न भएका र थालनी भएका राम्रा कामको स्वागत गर्दछौँ र बाँकी अवधिका लागि सरकारले तय गरेका कामका योजना प्रभावकारी ढङ्गले सम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ", संयुक्त वक्तव्यमा भनिएको छ । सङ्क्रमणकालीन न्यायका सन्दर्भमा रहेका कानुनी जटिलतालाई वर्तमान सरकार गठन भएको छोटो समयमा सहमतिका आधारमा समाधान गरिएको, कानुनी प्रबन्धको पूर्णताका साथै दुवै आयोग गठन गर्ने प्रक्रिया प्रारम्भ भएको उल्लेख गर्दै भनिएको छ, "आगामी दिनमा सङ्क्रमणकालीन न्यायको काम प्रभावकारी ढङ्गले अघि बढाउने कुरामा सबै पक्षको सहयोग अपेक्षित छ ।"

वर्तमान सरकार गठन भएपश्चात् कानुनी सुधारका माध्यमबाट लगानीका लागि अनुकूल वातावरण सिर्जना गर्ने प्रयास गरिएको, निजी क्षेत्र आर्थिक सुधारको प्रक्रियाबाट आशावादी बनेको, बक्यौता भुक्तानी, पुँजीगत खर्चमा वृद्धि तथा राजस्व वृद्धिमा भइरहेको सुधारले अर्थतन्त्रमा सकारात्मक लक्षणहरु देखिएको स्पष्ट पारिएको छ । मुलुकको अर्थतन्त्रलाई सुदृढ गर्न थप सुधारको आवश्यकता महसुस गरी आर्थिक सुधार कार्यदल बनाई अघि बढ्ने काम भएको साझा धारणामा उल्लेख छ ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति, २०८१ ले तयार पारेको सर्वसम्मत प्रतिवेदनका आधारमा अनुसन्धान र कारबाही प्रक्रिया सुरु भएको संयुक्त वक्तव्यमा भनिएको छ । "निर्दोष कोही नफसुन् र दोषी कोही नउम्किउन् भन्ने कुराको सुनिश्चितताका लागि अनुसन्धान, अभियोजन र न्याय निरुपण प्रक्रियाका लागि सबै पक्षको सकारात्मक सहयोगको आवश्यकता पर्दछ", साझा वक्तव्यमा भनिएको छ, "तर पछिल्ला दिनमा अनुसन्धान र अभियोजनको प्रक्रियालाई नै प्रभावित गर्ने उद्देश्यले गतिविधिहरु सुरु भएका छन् । भीड जम्मा गरेर अनुसन्धान प्रक्रियालाई प्रभावित गर्ने र न्यायलयमाथि दबाब दिने गतिविधि लोकतन्त्र र विधिको शासनविपरीत हो । यस्ता गतिविधिप्रति हाम्रो गम्भीर असहमति छ । सहकारीसम्बन्धी संसदीय छानबिन समितिका सबै सुझाव र निर्देशन सरकारले कार्यान्वयन गर्नेछ ।"

कानुन निर्माणमा भएको विलम्बका कारण सङ्घीयता कार्यान्वयन र शासकीय सुधारमा समस्या आइरहेकोतर्फ ध्यान जानु आवश्यक रहेको स्पष्ट पार्दै सत्ता साझेदार दलले प्रस्तावित कानुनहरुमा सहमति जुटाउन औपचारिक र अनौपचारिक छलफलको प्रक्रिया अघि बढाएको जनाएको छ । निजामती ऐन, शिक्षा ऐन, प्रहरी ऐनजस्ता आधारभूत कानुन निर्माणको प्रक्रियालाई तीव्रता दिने संयुक्त वक्तव्यमा उल्लेख छ । विकास निर्माण र सुशासनको प्रक्रियामा उत्पन्न कानुनी जटिलतालाई पहिचान गरी सुधार गर्न सातबुँदे सहमति र न्यूनतम साझा सहमतिका आधारमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता र समानुपातिक समावेशीतालाई थप सुदृढ गर्दै आगामी दिनमा सरकारको कामलाई तीव्रता दिने उल्लेख गरिएको छ ।

विपद् प्रभावित क्षेत्रका ग्रामीण सडकसमेत अवरुद्ध भएका कारण राहत र उद्धारमा प्रतिकूलता हुनु स्वाभाविक रहेको ठहर गर्दै उद्धार र राहत तथा अवरुद्ध सडक खुलाउने काममा सुरक्षा निकाय, प्रशासन तथा नागरिक तहबाट प्राप्त सहयोग अत्यन्त महत्वपूर्ण रहेको संयुक्त वक्तव्यमा जनाइएको छ । उद्धार र राहतमा जुट्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै भूकम्प, बाढीपहिरो र डुबानका कारण पुनःस्थापनाको पर्खाइमा रहेका पीडितका लागि राहत र पुनःनिर्माण प्रभावकारी ढङ्गले अघि बढाउन सरोकारवाला सबै निकायलाई अनुरोध गरिएको छ । "जनप्रतिनिधिहरुले आफ्नो संविधान आफैँ बनाएर कार्यान्वयन गरिरहेको अवस्थामा उत्पन्न समस्याको समाधान लोकतान्त्रिक विधि र प्रक्रियाबाट खोज्न सकिन्छ र खोज्नुपर्दछ भन्ने मान्यतामा हामी दृढ छौँ", वक्तव्यमा भनिएको छ ।

राजनीतिक स्थायित्वको आधार तयार गर्न सहमतिका आधारमा संवैधानिक, कानुनी र संरचनागत सुधारमा जोड दिँदै आएको र यस्तो अवस्थामा अराजकतालाई प्रोत्साहन गर्ने, राजनीतिक अस्थिरतालाई बल पु-याउने तथा सुशासन र विकासमा नेपाली जनताको आकांक्षालाई असर पुग्ने गरी विभिन्न नाम र स्वरुपमा हुने कुनै प्रकारका अवाञ्छित गतिविधिहरु उचित नभएको स्पष्ट पारिएको छ ।रासस

> संयुक्त वक्तव्यमा प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, जनता समाजवादी पार्टीका सहअध्यक्ष रेणु यादव, जनमत पार्टीका अध्यक्ष डा सिके राउत, जनता समाजवादी पार्टी नेपालका उपाध्यक्ष राजकिशोर यादव, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर र नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरीले हस्ताक्षर गर्नुभएको छ ।

# सेभ द सप्तरीको २५ औं वार्षिक साधारण सभामा सम्पन्न

**टुडे समाचारदाता**

राजविराज । सेभ द सप्तरीको २५ औं वार्षिक साधारण सभा र सामाजिक लेखा परिक्षण सम्पन्न भएको छ ।

राजविराजमा शुक्रबार संस्थाको २५ औं वार्षिक साधारण सभा तथा २६ औँ वर्षमा प्रवेश गरेको अवसरमा आयोजित कार्यक्रमको प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादवले उद्घाटन गरेका छन् ।



सो अवसरमा उनले सामाजिक उत्तरदायित्व पूरा गर्दै संस्थाले जिल्लाको विकास, स्वरोजगार, गरिबी निवारण तथा शैक्षिक उत्थान लगायतका क्षेत्रमा खेलेको भूमिका महत्वपूर्ण गरेको बताए ।

"संस्था नाफामूखी मात्र नभई सामाजिक उत्तरदायित्व निर्वाहमा समेत महत्वपूर्ण योगदान गरेको छ, उनले भने, "फलस्वरुप सचेतनासँगै विपन्न समुदायको जिवनस्तरमा सुधार र उनका सन्तानको शिक्षामा पहुँच बढेको महसुस गरेका छौं ।"

सो कार्यक्रममा अध्यक्षयीय प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष ध्रुब प्रसाद देवले स्थापनाकालदेखि नै सामाजिक विकासका बहुआयमिक क्षेत्रहरुमा विभिन्न सरकारी तथा अन्तराष्ट्रिय/गैरसरकारी निकायहरुसँग समेत सहकार्य र समनवय गरि सामाजिक सेवा प्रदान गर्दै आएको बताए ।


सो संस्थाले सेभ द चिल्ड्रेनको सहयोग तथा सहकार्यमा सन् २०१३ देखी जिल्लामा समुन्नती कार्यक्रम अन्तरगत मातृ तथा नवजात शिशु, बालविकास, आधार भुत शिक्षा, विद्यालय स्वास्थ्य पोषण, किशोरकिशोरी विकास, यौन तथा प्रजनन्, स्वास्थ्य र जिविकोपार्जन कार्यक्रम अन्तरगत थुप्रै क्रियाकलाप गर्दै आएको अध्यक्षयीय प्रतिवेदनमा उल्लेख छ ।

विभिन्न गैरसरकारी संस्था तथा गैरसरकारी संस्थासहितको सहयोगमा समावेशी शिक्षाका लागि छिन्नमस्ता र तिलाठी कोइलाडी गाउँपालिकाको २४ विद्यालयमा कार्यक्रम हुँदै आएको अध्यक्ष देवले बताए ।

सो कार्यक्रममा कोशी पीडित समाजका अध्यक्ष देवनारायण यादव, सेभ द चिल्ड्रेनका कार्यक्रम संयोजक जसबिर सारु, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख जोगेश्वर खडगा, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साह, धर्मीहल्फा महिला विकास क्लबका अध्यक्ष ईं सुर्यनारायण यादव, रामजानकी कृषक समुहका सल्लाहकार रामचन्द्र खंग लगायतले पनि शुभकामना दिएका थिए ।

# डेङ्गी नियन्त्रणमा लाग्न प्रधानमन्त्रीको अनुरोध

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले डेङ्गी नियन्त्रणमा लाग्न समाजका सबै वर्गमा अनुरोध गर्नुभएको छ ।प्रधानमन्त्री ओलीले शुक्रबार दिनुभएको भिडियो सन्देशमा देशका केही जिल्लामा डेङ्गीको प्रभाव कायम रहेकाले त्यसको नियन्त्रणमा लाग्न सबैमा अनुरोध गर्नुभएको हो ।



प्रधानमन्त्रीले हरेक शुक्रबार बिहान १०:०० बजे 'खोज र नष्ट गर' अभियान देशव्यापी रूपमा सञ्चालन गर्न सङ्घीय, प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकाय, निजामती कर्मचारी, सुरक्षा निकाय, शिक्षण संस्था, सामाजिक अभियान्ताका साथै समाजका सबै वर्गको सक्रिय सहभागिताका निम्ति आग्रह गर्नुभएको छ ।

उहाँले डेङ्गी सार्ने लामखुट्टेको नियन्त्रणका लागि लामखुट्टेको प्रजननस्थल पानी जम्ने स्थान भएकाले त्यस्ता स्थलको पहिचान गरी लामखुट्टेका लार्भा र प्युपा नष्ट गर्नुपर्नेमा जोड दिनुभएको छ । "नागरिक स्वस्थ भएमा मात्र समृद्ध नेपाल निर्माण सम्भव छ, त्यसैले डेङ्गी नियन्त्रणको यस अभियानलाई सफल पार्न सबैलाई आ-आफ्नो स्थानबाट सहयोग गर्न अनुरोध गर्दछु", सन्देशमा प्रधानमन्त्रीले भन्नुभएको छ ।रासस

# सांस्कृतिक कार्यक्रम सम्पन्न

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्ज स्थित भारतीय महावाणिज्य दूतावासले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदी सरकारले मराठी, पाली, प्राकृत, असमिया र बंगाली भाषाहरूलाई शास्त्रीय भाषाको दर्जा दिने निर्णय गरेको उपलक्ष्यमा सास्कृतिक मराठी, असमिया र बंगाली भाषामा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

महावाणिज्यदूत देवी सहायमीनाले विभिन्न भाषाहरूलाई शास्त्रीय भाषाको दर्जा प्रदान गर्ने काम सराहणीय भएको बताउँदै यसको महत्वबारे संक्षिप्त जानकारी



कार्यक्रमको आयोजना गरेको छ । शास्त्रीय भाषाबाट भारतको प्राचीन सांस्कृतिक सम्पदाको संरक्षण गर्ने उदेश्य अनुसार प्रत्येक समुदायको ऐतिहासिक र सांस्कृतिक विकासको लागी शास्त्रीय भाषाको दर्जाना प्रदान गरिउको भारतीय सरकारको बुझाइ रहेको छ ।

भारतीय महावाणिज्य दूतावास कार्यालय परिसरमा आयोजित कार्यक्रममा शारदाकला केन्द्र, रक्सौल र दिल्ली पब्लिक स्कुल, वीरगञ्जका विद्यार्थीहरूले गराउने भएको थियो ।

सो कार्यक्रममा चन्द्रकिशोर झा, गीता कर्ण, अशोक वैद्यलगायतका वक्ताहरुले भाषाको शास्त्रीय संज्ञाबारे आफ्नो धारणा राखेका थिए ।

विक्षु श्रीमेधंकर स्थविर र विक्षु श्रीमहा मिलनले भारतमा पाली भाषालाई शास्त्रीय भाषाको संज्ञा प्रदान गरेकोमा खुशी व्यक्त गरे । यसले प्राचीन भाषाको प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# जलवायु परिवर्तनको असरबाट नेपाल पीडित छः उपप्रधानमन्त्री पौडेल

वासिङ्गटन डिसी । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले जलवायु परिवर्तनको असरबाट नेपाल पीडित भएको उल्लेख गर्दै त्यसको प्रभाव कम गर्न अन्तर्राष्ट्रिय सहायताको अपेक्षा नेपालले गरेको बताउनुभयो ।



विश्व बैंक र कोलम्बियाले संयुक्त रूपमा शुक्रबार आयोजना गरेको जैविक विविधता तथा प्राकृतिक वित्तसम्बन्धी उच्चस्तरीय बैठकमा मन्त्री पौडेलले जलवायु परिवर्तनका कारण नेपालको जलसम्पदा र प्राकृतिक विविधता संरक्षणमा चुनौती थपिएको बताउनुभयो ।

उहाँले जलवायु परिवर्तनमा नेपालको नगण्य योगदान रहे पनि जलवायुजन्य समस्याबाट आफ्नो देश प्रभावित भएकाले वातावरणमैत्री अन्तर्राष्ट्रिय कोषमा सहज पहुँचका लागि अन्तर्राष्ट्रिय निकायलाई आग्रह गर्नुभयो । रासस

# एक करोड ८६ लाखको सामानसहित दुई ट्रक नियन्त्रणमा

वीरगञ्ज । प्रहरीले बिलबिजकभन्दा बढीको खुद्रा तथा औषधि बोकेका दुई ट्रक नियन्त्रणमा लिएको छ । वीरगञ्ज महानगरपालिका-८ घण्टाघरबाट रु एक करोड ८६ लाख मूल्य पर्ने खुद्रा तथा औषधि बोकेका ट्रक प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक भारतीका अनुसार सुदूरपश्चिम प्रदेश ०१-००१ ख २६९९ तथा सुदूरपश्चिम ०१-००१ ख २६६१ नम्बरको मालबाहक ट्रक प्रहरीले नियन्त्रणमा लिएको हो । बिजबिजकभन्दा बढीका सामान बोकेको आशङ्कामा ट्रक नियन्त्रणमा लिएको उहाँले बताउनुभयो ।

दुवै ट्रक आवश्यक अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बाराको जिम्मा लगाइएको प्रहरी नायब उपरीक्षक भारतीले जानकारी दिनुभयो ।

यसअघि पर्सा प्रहरीले यही कात्तिक ७ गते पनि बिलबिजक नभएको रु एक करोड १४ लाख मूल्य पर्ने लत्ताकपडा तथा औषधि बोकेको ट्रक नियन्त्रणमा लिएको थियो । प्रहरीले वीरगञ्ज महानगरपालिका-८ घण्टाघरचोकबाट ना ३ ख ५१८७ नम्बरको ट्रक नियन्त्रणमा लिएको थियो ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| बृष | : पारिवाहिक सुख । |
| मिथून | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| बृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : नयाँ कार्य हुने । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषा र सिरहाको बीच भागबाट बग्ने कमला नदी र चुरे पहाड । *तस्विरः रासस*

# राजविराज व्यापारिक महोत्सव हुँदै

बोदेबरसाइन । सप्तरी सदरमुकाम राजविराज-७ स्थित राज रङ्गशालामा सांस्कृतिक, समाजिक, आर्थिक, धार्मिक, पर्यटन, कृषि तथा व्यापारिक महोत्सव हुने भएको छ ।

यही कात्तिक १३ देखि सुरु हुने महोत्सव २२ गतेसम्म सञ्चालन हुनेछ ।

ड्रिम नेपाल युवा सङ्घ सप्तरीका अध्यक्ष कमलकिशोर साहले ड्रिम नेपालको आयोजना तथा राजविराज नगरपालिकाको सहकार्यमा महोत्सव आयोजना हुने आज जानकारी दिनुभयो ।

आयोजकका अनुसार मेलामा उद्योग, कृषि, पर्यटन, व्यापार, सांस्कृतिक, हस्तकलासहित स्थानीय वस्तुको प्रवर्द्धन गरिने छ ।

स्थानीय उत्पादनको प्रदर्शन छिटा, दौरा, दिप, ढकनालगायत माटोका सामग्री, बाँसले बनेका




सामग्री अवलोकनका लागि राखिने साहले जानकारी दिनुभयो । जातीय छुवाछुत, धूमपान, मद्यपान, लागुऔषध प्रयोगरहित समाजको निर्माण गर्न हरेक जातजातिको पहिचान झल्काउने गरी सांस्कृतिक कार्यक्रम तथा झाँकीमार्फत जनचेतनामूलक सन्देश प्रवाह गरिने अध्यक्ष साहले बताउनुभयो ।

महोत्सव आयोजनाले जिल्लाको व्यापार व्यवसायले गति लिने जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष लालुप्रसाद अग्रवालले विश्वास व्यक्त गर्नुभयो ।

महोत्सवबाट उठेको रकम जिल्लाको सामाजिक, शैक्षिक विकासका क्षेत्रमा खर्च गरिने आयोजकले जनाएको छ ।रासस

# नाङ्लो बेचेर गुजारा गर्दै लहानका सदाय समुदाय

लहान । गरिबी र विपन्नताको जाँतोमा पिल्सिएका यहाँका सदाय समुदायमा यतिबेला उल्लास छाएको छ । छठपर्व नजिकिएसँगै बाँसको नाङ्लो बनाउन उनीहरूलाई भ्याइनभ्याइ छ । बिहान झिसमिसेदेखि साँझ झमक्क हुँदासम्मको दिनचर्या बाँसका सामग्री बनाउँदै बित्छ लहान-१७ वलानसेरका सदाय समुदायको ।

“कात्तिक लाग्नेबित्तिकै बिहानदेखि बेलुकासम्म नाङ्ला बनाउँदै दिन बित्छ । यतिबेला बजारमा नाङ्लाको माग बढी भएकाले आम्दानी पनि हुन्छ”, नाङ्लो बुन्दै गर्नुभएका छोटकुन सदायले भन्नुभयो, “यो उल्लासको समय हो । जीवनका हरेक दुःख बिर्सेर मिठोमसिनो खाने र राम्रो लगाउने पर्व हो । त्यसका लागि पैसाको जोहो गर्नुपर्यो ।”

बाँसका सामग्री बेचेर परिवारको जोहो टरेको उहाँले बताउनुभयो ।

छोटकुनका अनुसार पाँच दिनमा झण्डै १८ वटा नाङ्लो तयार हुन्छ । उमेरले ४५ वर्ष टेक्नुभएको उहाँ यही पेसामा रमाइरहनुभएको छ । उहाँले भन्नुभयो, “बाउबाजेले यही काम गर्दै आएकाले आफूलाई पनि यही काम सजिलो लाग्छ ।

विदेशमा पसिना बगाउनुभन्दा परिवारसँगै बसेर काम गर्दाको मज्जा अर्कै हुन्छ । परिवारका सबै सदस्यले मिलेर काम गर्दा काम गरेको पनि महसुस नभई नाङ्लो तयार हुन्छ ।”

सोही ठाउँका सियादेवी सदायको पनि दिनचर्या उस्तै छ । “बाहिर अन्य काम नपाउँदा नाङ्ला बेचेर घरको जोहो टार्नुभएको छ । वर्षभरि अन्य महिनामा नाङ्लोको व्यापार कम भए पनि छठमा नाङ्लाको व्यापार गरेर केही महिनालाई गुजारा गर्न पुग्छ । यतिबेला बनाउँदै बेच्दै फुर्सद छैन”,



सियादेवीले भन्नुभयो ।

एउटा बाँसबाट सात वटासम्म नाङ्लो तयार गर्न सकिने सियादेवीले बताउनुभयो ।

नाङ्लो बनाउने बाँस सप्तरीको सिसवारबाट प्रतिघना रु दुई सय ५० का दरले ल्याउनुपर्ने र नाङ्लो बाँध्न बेत पनि बाहिरबाट नै ल्याउनुपरेकाले नाङ्लाको मूल्य बढी पर्न गएको पनि उहाँले जानकारी दिनुभयो ।

आफ्नो सीप र कलाको प्रयोग गरेर आकर्षक सामग्री बनाउने यहाँका सदय परिवारको यस परम्परागत पेसाको प्रवर्द्धनका लागि अहिलेसम्म कसैले पनि कुनै प्रकारको सहयोग नगरेको गुनासो छ । लहानको गुदीगाँउ, भदैया, खेम्राहालगायत ठाउँमा नाङ्लो बनाएर बेच्ने व्यवसाय उल्लेख्य मात्रामा छ । अन्य समयमा एउटा नाङ्लो रु दुई सय २० मा बिक्री हुने नाङ्लो चाडपर्वमा रु चार सयसम्म घरैमा आएर व्यापारीले लैजाने गरेका छोटकनले बताउनुभयो ।

छठपर्वमा पूजाका सामग्री राख्न बाँसको सामग्रीमा राखेर पूजा गर्दा शुद्ध हुने मान्यता भएको हुँदा छठपर्वमा यसको माग बढी भएको स्थानीय बताउँछन् ।

अन्य समयमा बजारमा लगेर सस्तो दाममा बेच्नुपर्ने तर छठपवका बेला व्यापारी टोलमा नै आएर किनेर लग्ने गरेका छन् ।रासस

# वीरगञ्ज नाका हुँदै सवारीसाधनको आयात खस्कियो

वीरगञ्ज । वीरगञ्ज भन्सार नाका हुदैँ आयात हुने चारपाङ्गे सवारीसाधनको आयात ह्वात्तै घटेको छ ।गत आर्थिक वर्षको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा चारपाङ्गे सवारीसाधनको आयात ६० प्रतिशत भन्दा बढीले कमी आएको छ । वीरगञ्ज नाका हुँदै पेट्रोलियम पदार्थ र विद्युतीय सवारीसाधन दूवैको आयातमा पनि कमी देखिएको छ ।

चालु आवको असोज मसान्तसम्मको अवधिमा ४० करोड ४७ लाख ६३ हजार मूल्यपर्ने दुई सय १५ वटा जीप, कार र भ्यान आयात भएका छन् । गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा जीप, कार र भ्यानको परिमाणको आधारमा ६६ दशमलव ०९ प्रतिशतले घटेको देखिन्छ । सोही अवधि राजस्व सङ्कलनको आधारमा भने ४९ दशमलव ९३ प्रतिशतले गिरावट आएको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चारपाङ्गे सवारीसाधन वीरगञ्ज नाकाभन्दा पनि अन्य नाकाबाट भित्र्याउने क्रम बढेको बताउनुभयो ।“



व्यवसायीले जुनसुकै नाकाबाट सवारीसाधन भित्राए पनि समग्रमा राजस्व मुलुकभित्रै भित्रिने हो,’’ उहाँले भन्नुभयो,‘‘चालु आवको साउन र भदौ महिनाको तुलनामा वीरगञ्ज भन्सार कार्यालयले सङ्कलन गर्ने समग्र राजस्वमासमेत वृद्धि हुदैँ आइरहेको छ ।’’

गत आवको तीन महिनाको अवधिमा भने ९० करोड ५७ लाख १६ हजार मूल्यपर्ने छ सय ३४ वटा जीप, कार र भ्यानको आयात भएको थियो । पेटोलियम पदार्थबाट चल्ने चारपाङ्ग्रे सवारीसाधनको मात्रै आयात घटेको होइन् । गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा इलेक्ट्रिक, कार, जीप र भ्यानको आयातमा पनि ठूलो गिरावट आएको छ ।

चालु आवको तीन महिनाको अवधिमा वीरगञ्ज नाकाहुँदै नौ करोड ७७ लाख ९० हजार मूल्यपर्ने ६७ वटा मात्रै इलेक्ट्रिक कार, जीप र भ्यान आयात भएको छ । प्रमुख भन्सार प्रशासक लामिछानेले इलेक्ट्रिक सवारसाधन वीरगञ्ज नाकाबाट भन्दा पनि उत्तरी नाकाबाट धेरै भित्रिने बताउनुहुन्छ ।

‘‘इलेक्ट्रिक सवारीसाधन व्यापारीले उत्तरी नाकाबाट भित्र्याउने गर्नुहुन्छ भने ठूला सवारीसाधन भने वीरगञ्ज नाका हुदैँ भित्रिन्छन् ।’’गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा इलेक्ट्रिक सवारसाधनको आयात परिमाणको हिसाबले ६४ दशमलव ७४ प्रतिशतले गिरावट आएको छ । सोही अवधिमा इलेक्ट्रिक सवारसाधनको आयातबाट हुने राजस्व सङ्कलनमा पनि ५९ दशमलव ६७ प्रतिशतले कमी आएको छ । जबकी गत आवको तीन महिनाको अवधिमा ३५ करोड नौ लाख ९४ हजार मूल्यपर्ने एक सय ९० वटा इलेक्ट्रिक सवारीसाधन आयात भएको थियो ।

चालु आवको तीन महिनाको अवधिमा रु सात करोड ३२ लाख १७ हजार मूल्य पर्ने ३२ वटा ट्रक, मिनि ट्रकको आयातमा भएको छ । जबकी गत आवको तीन महिनाको अवधिको तुलनामा चालु आवको सोही अवधिमा भने ६३ दशमलव ६४ प्रतिशतले आयात घटेको छ । गत आवको तीन महिनाको अवधिमा ट्रक मिनि ट्रक २० करोड १३ लाख १२ हजार मूल्य पर्ने ८८ वटा भित्रिएका थिए । त्यस्तै चालु आवको तीन महिनाको अवधिमा पिकअप तथा डेलिभरी भ्यानको आयात पनि खस्किएको छ । चालु आवको तीन महिनाको अवधिमा नौ करोड ७५ लाख तीन हजार मूल्य पर्ने ६८ वटा पिकअप तथा डेलिभरी भ्यान आयात भएको छ ।

जबकी गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने पिकअप तथा डेलिभरी भ्यानको आयात ६३ दशमलव ६४ प्रतिशतले घटेको छ । जबकी गत आवको सोही अवधिमा भने १४ करोड १५ लाख मूल्यपर्ने एक सय ३२ पिकअप तथा डेलिभरी भ्यानको आयात भएको थियो ।रासस

# विषादीरहित तरकारीखेती प्रवर्द्धन गर्दै लहान

सिरहा । सिरहाको लहान नगरपालिका-१५ का तीनवटा कृषक समूहका गरी ६३ किसान परिवारलाई विषादीरहित तरकारीखेती प्रवर्द्धनका लागि रु दुई लाख मूल्य बराबरका कृषि सामग्री प्रदान गरिएको छ ।


लहान नगरपालिका, राष्ट्रिय कृषक समूह महासङ्घ नेपाल, सामुदायिक वन उपभोक्ता महासङ्घको सहकार्य तथा केयर नेपाल र जेओएको आर्थिक सहयोगमा सञ्चालित संरक्षण परियोजनाअन्तर्गत उक्त सामग्री नगरप्रमुख महेशप्रसाद चौधरीले किसानलाई हस्तान्तरण गर्नुभयो ।

कृषि सामग्रीमा ११ प्रजातिका तरकारीको बीउ, इलेक्ट्रिक स्प्रेयर, ड्रम, समरसेवल मोटर, पिभिसी पाइप, डेलिभरी पाइप र झोल मल बनाउने सामग्रीलगायत छन् ।

उक्त जैविक झोल मलले कुनै रासायानिक मल र विषादीको आवश्यक्ता नपर्ने बताइएको छ ।

कृषि सामग्री वितरणपछि किसानको व्यावसायिक खेतीप्रणालीको प्रवर्द्धन हुनुका साथै विषादीरहित तरकारी उत्पादनले मानव स्वास्थमा सकारात्मक प्रभाव पार्ने नगरप्रमुख चौधरीले बताउनुभयो ।

“कृषि क्षेत्रको विकास गरी समुन्नत नगर बनाउने लक्षसहित विभिन्न संस्थाको सहकार्यमा किसानलाई सहयोग गरिरहेका छौँ । यी




सामग्री पनि यसैको निरन्तरता हो”, नगरप्रमुख चौधरीले भन्नुभयो, “यी वातारणमैत्री कृषि सामग्रीले उत्पादन अभिवृद्धिका साथै आम उपभोक्ताको स्वास्थ्यमा कुनै हानी गर्नेछैन ।” कृषिको व्यावसायीकरण र बजारीकरणलाई नगरपालिकाले प्राथमिकता दिएको पनि नगरप्रमुख चौधरीले जानकारी दिनुभयो ।

त्यसैगरी कार्यक्रममा लहान नगर उपप्रमुख रामचलितर महतो, वडा नं १२ का वडाध्यक्ष तथा नगरपालिकाका कृषि शाखा संयोजक बद्रीनारायण चौधरी, वडा नं १५ का वडाध्यक्ष तेजनारायण चौधरीले नगरक्षेत्रमा कृषिमा आश्रित जनसङ्ख्या ठूलो भएकाले जलवायु परिवर्तनको असर र प्रभावलाई मध्यनजर गर्दै वातावरणमैत्री उत्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

संरक्षण परियोजनाअन्तर्गत स्थानीय किसानको जीविकोपार्जनमा सहयोग पुर्याउने उद्देश्यले विगत एक वर्षदेखि लहानका नौवटा सामुदायिक वन र ३२ वटा कृषक समूह निर्माण गरी सात सय ५० घरपरिवारमा प्रत्यक्ष जोडिएर काम गरिरहेको कार्यक्रमका व्यवस्थापक जगदीश भट्टले जानकारी दिनुभयो । यसअन्तर्गत वन व्यवस्थापन, जलाधार क्षेत्र संरक्षण र नदी कटान नियन्त्रण रहेका छन् । त्यसैगरी स्थानीय किसानको आयआर्जनका लागि माछापालन र पशुपालनमा पनि जोड दिइएको छ ।रासस

## डेङ्गी नियन्त्रणका लागि देशभरका कार्यालयमा सरसफाइ अभियान

काठमाण्डु । सरकारले डेङ्गी नियन्त्रणका लागि आज देशभरका कार्यालयमा सरसफाइ अभियान सञ्चालन गरेको छ । सरकारले डेङ्गीको सङ्क्रमण बढिरहेकाले शुक्रबारदेखि देशव्यापी रुपमा लामखुट्टेको बासस्थानको ‘खोज र नष्ट गर’ अभियान थालेको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले स्वास्थ्य मन्त्रालयसहित सिंहदरबारभित्रका मन्त्रालयहरु, संवैधानिक निकाय, सेना, प्रहरी, सशस्त्रलगायत विभिन्न कार्यालयका कर्मचारी सरसफाइ अभियानमा सहभागी हुनुभएको जानकारी दिनुभयो ।

स्वास्थ्य मन्त्रालयले डेङ्गी रोकथाम तथा नियन्त्रणका लागि हरेक शुक्रबार ‘१० बजे १० मिनेट’ कार्यक्रममा सहभागी हुन मन्त्रालय, विभाग, निजामति कर्मचारी, सुरक्षा निकाय, सामाजिक अभियन्ताका साथै आमनागरिकलाई आह्वान गरेको छ ।रासस

# सिटामोल अभाव छैनः औषधि लिमिटेड

काठमाण्डु । बजारमा सिटामोल अभाव भएको भन्ने हल्ला मात्र रहेको नेपाल औषधि लिमिटेडले जनाएको छ । लिमिटेडका प्रबन्ध निर्देशक कैलाशकुमार पनेरुले सिटामोलको कुनै अभाव नरहेको र यसको नियमित उत्पादन पनि भइरहेको बताउनुभयो ।

राससस‌ँग कुरा गर्दै उहाँले भन्नुभयो, “हामीले नियमित उत्पादन गरिरहेका छौँ ।

दैनिक दुई सिफ्टमा काम भइरहेको छ । सिटामोलसँगै जीवनजललगायत अन्य औषधि पनि उत्पादन भइरहेको छ ।” उहाँका अनुसार दैनिक तीन लाख सिटामोल उत्पादन भइरहेको छ ।

“डेङ्गीका बेला पनि सिटामोल पाइएन भन्ने सुनिएपछि सूचना निकालेका छौँ ।

हामीसँग जति खरिदका लागि आउनुभएको छ, दिएका




छौँ । खरिद बिक्रीको अनुपात हेर्ने हो भने सन्तुलित छ”, प्रबन्ध निर्देशक पनेरुले भन्नुभयो ।

सिटामोलको अभाव रहेको भन्ने विभिन्न माध्यमबाट गुनासो आएकाले लिमिटेडले बिहीबार एक सूचना जारी गरी सोबारे ध्यानकर्षण गराएको थियो ।खरिदका लागि सम्पर्क गर्नुहुने लिमिटेडका सबै भण्डारणकर्ता, सरकारी अस्पताल तथा तीनै तहका सरकार मातहतका स्वास्थ्य आपूर्ति व्यवस्थापन निकायलाई मागअनुसारको परिमाणमा सिटामोलको तत्काल आपूर्ति गर्दै आइरहेको सूचनामा उल्लेख छ ।

लिमिटेडले पछिल्लो समय बढिरहेको डेङ्गीको सङ्क्रमणलाई लक्षित गर्दै सर्वसाधारणका लागि सिटामोल सहज रुपमा उपलब्ध गराउने उद्देश्यले काठमाडौं, बबरमहलस्थित बिक्री महाशाखाकोकाउन्टरबाटजोकोहीले आवश्यकता अनुसारको खरिद गर्नसक्ने व्यवस्था मिलाएको छ । उक्त काउन्टरबाट बिहान ८ बजेदेखि साँझ ६ बजेसम्म सिटामोल खरिद गर्नसक्ने लिमिटेडले जनाएको हो ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। तिहारको उज्यालो ।।

तिहारको चाड आयो फेरि, ल्याइ प्रेम र उज्यालो, सजियो घर आँगन सबैतिर, खुसीको दीप जल्यो ।

झिलिमिली बत्ती झलझली, रातको अन्धकारमा, उज्यालोले भरिदियो मन, माया बाँड्दै संसारमा ।

पहिलो दिन दियो जलायो, कागलाई मान दिइयो, सन्देशको दूत उसले, सधैं राम्रो खबर ल्यायो ।

दोस्रो दिन आयो कुकुर, मानवीय मित्रता संग, वफादारीको चिनो उसले, जीवनभर गर्न दङ्ग ।

गाईको पूजा तेस्रो दिन, सम्पूर्ण धरा आशीर्वाद, गौमाताको ममताले, दिन्छ सधैं शुभप्रसाद ।

गोरु चौथो दिनमा आयो, कृषकको साथी बलियो, उसको मेहनत र पसिनाले, खेतिपाती सधैं हरियो ।

अन्तिम दिन दिदीभाइ, टिका लगाइयो प्रेमको, रिश्ता यो अटल रहन्छ, विश्वासको रत्नको ।

भाइटिकाको त्यो बन्धन, सधैं अटुट रहिरहोस्, दिदीभाइको प्रेम अमर, माया सधैं रहिरहोस् ।

तिहारको दीपले हर मनमा, उज्यालो भरिदियोस्, शुभकामनाले हर परिवारमा, सुख-शान्ति ल्याइदियोस् ।

समृद्धिको बाटो सबैलाई, यो पर्वले देखाइदियोस्, तिहारको यो उज्यालोले, संसार नै झक्झकाइदियोस् ।



लेखक :विवेक साह
धर्मपुर ८
(मोडेल माध्यमिक विद्यालय, जनकपुरधाम ४)

## ।। चोर फटहा के राज ।।

चोर फटहा के राज छै
भलादमी के नै कोनो काज छै
जे हे करै बैमानी सैतानी आई कालिह
ओ हे देखियौ माला माल छै
कौरिके भाउमे प्रशासन बिकाई छै
भलादमी जेलमे और बदमाश
खुल्लेआम जेल जाई छै
अपनो रिस्ते दार बदलै गिरगिटके
रङ जेना
आन अपन और अपन आन
भ जाई छै
आब केकरा कहियौ निमन बेजाई
निक बात लोक के करुवा लगै
जाई छै
गामके गाम सुना सुना लगै छै
युवा युवती बेरोजगारी के
कारण विदेश जाई छै



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।।मेरो नी दिन आउने छ।।

मेरो नी दिन आउने छ,
,त्यो ठूलो सिनेमामा
मेरो जीवन कथाको
फिल्म आउने छ ।
मेरो हरेक नकारात्मक
कुरा सकारात्मकमा
परिवर्तन हुने छा हरेक
मानिसको जिन्दगीमा
आउट भगवानको वरदान
हुन्छ, मेरो लागि त्यो दिन
आउने छा अनि मेरो राम्रो
दिन र मेरो दुश्मन लाई ऋण
लाग्ने छा त्यसदिन मेरो
लागी मेरो दिन आउने छ ।
मेरो जिन्दगीमा अविश्वसनीय
सिन आउँने आउँने छ।
आइले त यस्तै हो तर
विश्वास छ मेरो नी दिन आउने छ ।



लेखक रोहन भुजेल
जनकपुरधाम -७,(रा. रा. ब. ) (बि एड फर्स्ट येर २०८०)

## ।। स्वप्न सलोना ।।

स्वप्न सलोना संभनामा, सजीव सदृश्य सजाए।
स्नेहसहित सत्यको शिखरमा, सादगीले सँगाल्दै आए।
स्वप्न सलोना, सजीव सत्यमा, सागरमा सिन्दूर सजाए,
सन्देशको सुगन्ध फैलियो, सुखद संगत सधैं बगाए।
समर्पणको संस्कारले सजिए, संकल्पले सदा साथ दियो,
स्वप्न सलोना साँच्चै अमूल्य, सत्य पथमा सार्थक भयो।
समर्पणले सजाउँछ मन, संकल्पले बनाउँछ बाटो,
स्वप्न सलोनामा सँगै बाँच्ने, सधैं सुख र सान्त्वना को साँचो



लेखक:- आदित्य झा
कक्षा :-१०
श्री राष्ट्रिय माध्यमिक विधालय,
जनकपुरधाम-१० रुपैठ , बेलहि

## ।। म भोको साहित्यकार ।।

म भोको साहित्यकार, शब्द नै मेरो भोजन हो
दुनियाँको साँचो कुरा, कविता मेरो सन्तोष हो।
रोटी छैन हातमा, कलमको साथमा यात्रा गरें,
भावनाको रडले लेखें, यथार्थको त्यो पर्दा हरें।
भित्र छ मेरो सहर, निसास्सिएर खोज्छ उज्यालो,
परिवारको मिठास कहाँ, अक्षरले गर्छ ढालो।
खोज्छु म सुखको बाटो, शब्दले बनायो यो संसार,
भोक मेट्न सकिनँ तर, हरदम रह्यो यो गजल प्यार।
फूल छैन मेरो बगैंचामा, तर भावना फुल्छ यहाँ,
म भोको साहित्यकार, जीवन मेरो कलममा टल्कन्छ जहाँ।



नाम : बिनय दाहाल काजि

## ।। साथी होइन, भाइ ।।

साथी त धेरै भेटिन्छन् यो जहाँमा,
तर तिमी त जीवनभरको हो, मेरो आत्मामा।
साथीको नामले कहाँ चिनाउन सकूँ तिमीलाई,
तिमी त भाइ हौ, यो मुद्दा जति गहिराइ।
साथ दिने तिमीले, कहिल्यै धोका नदिई,
तिम्रो साथमा जिन्दगी चल्दै जान्छ बिना किनारा बिई।
साथीको माया त क्षणिक हुन सक्छ,
तर भाइको माया त सधैं अमर र अटल रहन्छ।



नाम:- त्रिजेप कुमार झा
लोहारपट्टी -०५(महोतरी)
सिभिल इन्जिनियरिङ छात्र

## ।। मिथिलाक महिमा ।।

मिथिलाक भूमिमा सपनासँ सजल देखै छी,
जहाँ नदी बहै, बन्हरसँ कसल देखै छी।
विद्या आ कलाक कथा गुञ्जए अहाँ,
हरेक मोड़ पर सुन्दर पगथल देखै छी।
पवित्र सीताको नाम सँ ई भूमि भरल,
हर रंग मे मधुबनी मचल देखै छी।
हे मिथिला, जे पण्डित सँ धन्य भेल अछि,
विद्वानक ज्ञानसँ गाम हरपल देखै छी।
तोरीक खेत मे पहँल रंग सजल,
चौपाल म) परबक गीत छल देखै छी।
गर्व आ धरोहरक ई अनुपम सौंदर्य,
अनन्त कथा मे युग-युग बदल देखै छी।



लेखक विवेक साह
जनकपुरधाम ४
डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ ( ६ सेमेस्टर)

## ।। आवश्यकता ।।

सफलता हेतु नित जीवन संघर्ष चाहिन्छ।
संघर्ष र सफलतामा सुत्र आकर्ष चाहिन्छ ॥
श्रापित निर्दोषी जीवन पत्थरको अहल्या'भैं।
पुनःजीवनमा राम'चरनकमल स्पर्श चाहिन्छ ॥
नितदिन मोह मायाको महायुद्ध महाभारत'भैं।
मन-अरजुनको कृष्ण'भैं सत्परामर्श चाहिन्छ॥
चाहिदैन रतिराग ऐश्वर्य महल धन सुख वैभव ।
प्रह्लाद सबरी मीरा'भैं भक्ति प्रेम हर्ष चाहिन्छ॥
बढ्दो हिंसा व्यभिचार विभेद जड निर्मूलनमा।
समाजमा बुद्ध'भैं व्यक्तित्व आदर्श चाहिन्छ॥
सम्बन्ध कागजको टुक्राले जुटेको कलयुगमा।
श्रवण'भैं निःस्वार्थी सन्तान उत्कर्ष चाहिन्छ॥



लेखक: राम मण्डल
ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल

## ।। मेरो रचना ।।

शब्द शब्द जोडेर ।
वाक्य म बनाउदै छु॥
साहित्यको सनो पृष्ठमा ।
नाम आफ्नो सजाउद्छु ॥
आउदैन मलाई शब्द अलङ्कार ।
शृङ्गारमालाको प्रयोग गर्न ॥
अक्षर अक्षर मिलाएर आफ्ना ।
सिर्जना बनाउदछु ॥
कतै कुनै गल्ती होला ।
प्रयासले सच्याउदै छु ॥
छैन म मा धेरै शब्द स्रोतको पहिचान ।
गल्तीले आफ्ना रचाना पखाल्दै छु ॥
पछि के भयो ,के हुने छ ।
त्यसलाई भुलाएर वर्तमानमा रमाउदै छु।
छैन मलाई ठुला ठुला रहरहरु ।
आफ्नै परिस्थिति सबल बनाउदै छु।
भाषा छन अनेक तर पनि मलाई लग्छ।
केही न केही नयाँ नौलो छन ॥
नेपाली भाषामा बिशेष ।
खोज अध्यन गर्दै छु आफनै सहित्यिक क्षेत्रमा
कथा ,कविता निबन्ध र कहिले
नाटकमा बिषेश
शब्द शब्द जोडेर वाक्य म बनाउदै छु
साहित्यको सनो पृष्ठमा
नाम आफ्ना साजाउदछु



लेखक:-अनित कुमार मण्डल
जनकपुर( लोहना-२५)

## ।। अन्तिम प्रश्न ।।

तिम्रो आँखाको आँशु बन्न पाउँछु के ?
तिम्रो घाउको दुखाइ बन्न पाउँछु के ?
सुनेछु तिम्रो माया निश्छल समुद्र भै गहिरो छ रे
त्यो तिम्रो निस्वार्थ प्रेमको समुद्रमा,
आफैं लाई डुबाउन पाउँछु के ?
के तिम्रो दु:खमा पनि तिम्रो खुशी बन्न सक्छु र ?
हँसाउन सक्छु कि नाई थाहा भएन,
तर तिमी सँगै तिम्रो पीडामा आँसु झार्न पाउँछु र ?
खै सपना पूरा गर्न सक्छु कि नाई,
तर तिम्रो लक्ष प्राप्तिमा सहकर्मी बन्न पाउँछु र ?
जीवनको भागदौडमा खै कहाँ प्राणले साथ छोड्छ
एउटा प्रश्न अझै छ
के तिम्रो बुढेसकाल सम्म पनि साथ निभाउने,
त्यो सानो लौरो बन्न पाउँछु र ?



नाम:- रामनारायण साह सोनार
ठेगाना :- छिपहरमाई गा.पा.-04, तुल्सी बार्वा
पेशा :- शिक्षक (नेपाल सरकार)

## ।। माई ।।

पृथ्वी पर सब किछु सब ठाम भेटत
मुदा जन्मदैबला माँ भेटबाक कोनो उपाय नहि।
हृदयक टुकड़ी निकालि आँखि मे चिपका दैत छथि
भूखल बैसल ओ अपन स्तन चूसबाक प्रयास करैत छथि।
मायक खाएल घास मे जीवन बनैत अछि
सृष्टिकर्ता के इतिहास में माँ सृष्टि के स्रोत छैथ।
कोखि सँ निकालि धरती पर आनि दैत छथि
टैंटेंटें कहि मधुर सुगाक भाषण सिखाबैत छथि।
नानी कखनो काल कोरा मे राखि गाबैत छथि
माँ केश के हाथ सकक थपथपाबैत छथि जे हुनका सुतय।
राति मे जखन नन जागि जायत तखन कनेक भपकी लिअ
नानी कानैत अछि आ जल्दीए चलि जाइत अछि।
ओ अपन नन के संग खेलाइत अछि आ ओकरा पकड़य नहि
चाहैत अछि
सृष्टिकर्ता के सृष्टि के उद्धार करै वाला माय छै।
ओ 'को खा को खा' कहि नानी कें भोजन खुआबैत छथि।
बगाई दूधक धारसँ बच्चाकें नहाबैत अछि।
भले ही मातृ प्रेम उदास हो जेना रिड्डिन
भले ही बच्चा खोंता छोड़ क दूर चलि जाय।
बच्चाक जन्मक बाद मायक रूप बिगड़ि जाइत छैक
डोली मे रहला के बाद बच्चा सब लग जाइत छथि।
ओना ई सब माय के लेल एकटा महिमा अछि
माँ निस्वार्थ देवी छथि, आब कोना नहि कहब!
आँखि जा धरि जीबैत अछि ता धरि देखि सकैत अछि
जँ हुनका सभ लग सत्ता छनि तँ लोक सेवा मे शामिल हेबाक
लेल आओत।
पृथ्वी पर सब किछु सब ठाम भेटत
मुदा बच्चा के जन्म देबय लेल माय के खोजय के कोनो उपाय
नहिं !!!!



राजन दास
नायब पशु प्राविधिक सहायक
परिषद दर्ता नं : १३३४
शहिदनगर नगरपालिका धनुषा

## ।। अलमलमा परेका विद्यार्थी ।।

परीक्षाको तियाँरी कि दीपावलीको खुशीयाली,
मन भित्रै बस्यो द्विविधा, कसलाई मानौं भारी?
कापी, कलम र किताब खुल्छन् दिनरात,
तर बाहिरको रौनकले खोस्दछ मनको बात।
दीप जलाउने चाहना छ, संगिनीहरू संग हाँसो बाँड्ने,
तर प्रश्नपत्रले ठ्ठा गर्छ, अब कसरी तिमी फुर्सद पाउँछौ भनी।
चठको गीत सुन्दा हृदयमा मिठास छाउँछ,
तर भोलिको तयारीले हातलाई काममा ल्याउँछ।
मन भन्छ- आउँ हर्ष र उल्लास मनाऔं,
तर दिमाग भन्छ- पर्ख, परीक्षा अझै बाँकी छ भन्न चाहन्छ।
यस्तो द्विविधा बोक्ने यो विद्यार्थीको जीवन,
परीक्षा कि पर्व, कुन हो साँचो सपनाको चिन्ह?
तर अन्ततः जानेछु म बीचको मार्ग रोज्न,
ताकि परीक्षामा जितूँ र पर्वमा पनि हर्षको राग भित्र सजाउँ।



सौम्य राज पाठक
कक्षा १२'ङ'
मोडेल मल्टिपेल कलेज

## ।। विखधरके बस्ती ।।

सजल सपना छै सभटा अन्हारे जका
मन बिहुसल बजारमे बिराने जका।
नै सिहकै करेज देखु कठोर पाथैर जका
मृग तृष्णामे मातल सभ मोहमे गाथल जका।।१।।
बिन फल फूलके गाछ देखु ठारेह जका
बनल प्राणी आब भक्षीके आहारे जका।
करे सहसह जे गहुमन सभ पथमे विखधर जका
छी मारल अपनेके चक्रभिउमे अभिमन्यु जका।।२।।
अछी लुत्ती स) पजरल आइग विद्रोहे जका
नै मुक्त करे प्राण मन मोहे जका।
छनमे छनिक जीवन बहे बिहाइरे जका
एकान्त अछी आसरा सुखल डाइरे जका।।३।।
करे हाउ-हाउ आ डाउ-डाउ सभ हदरल जका
खनहर परल गाछके खोता उजरल जका।
केने तानडब छै कलयुग विध्वंसे जका
बैन बरु राइतमे दिपक प्रकाशे जका।।४।।



आभाष कर्ण
जनकपुरधाम-२४(बसहिया)

## ।। घरको एक्लो छोरोको पीडा ।।

घरको एक्लो छोरो म,
आँखामा मुस्कान भए पनि मनभित्र गहिरो पीडा,
जिम्मेवारीको तौलले सपनाहरू दबिएका छन्।
सबैको भरोसा मेरो काँधमा,
कहिले डर, कहिले धुर्की,
परिवारका सपनामा आफ्ना सपना हराएका छन्।
हाँस्न मन लाग्दैन,
जब काखे सन्नाटा छ,
सयौं थिचिएका कुरा, तर कसैले नबुझेको दु:ख।
रात र दिनको भिन्नता हराएको छ,
समय पनि टाढा छ,
घरको एक्लो छोरो म,
तर मेरो यो पीडा कसले बुझ्ने छ?



नाम: मुकेश यादव
ठेगाना: किसनपुर, वडा नं. ७, जनकपुरधाम, धनुषा

## ।। मधेश ।।

सत्य अहिंसा कै, दुनिया में फैलावे संदेश ,
यी है प्यार मधेश
यी है प्यार मधेश
जग से न्यारा मधेश
यी है प्यार मधेश
जनक राज के प्यारी धरती
जन्म लिहिन जहाँ सीता
जाउने भुमण्डल में गुजात
रामायण और गीता
जहाँ राम जी बियहा रचाइन
मिथिला पुण्य प्रदेश
यी है प्यार मधेश
जग से न्यारा मधेश।
चैता काजारी साभा भोरहरी,
कुहेके काली कोइलिया
मोर मागन मस्त नाच्चे मानव,
सुन सुन, मैठी बोलिय
माघी छठा और तीज, दसेहरा
है तिहार विशेष ...
यी है प्यार मधेश
यी है प्यार मधेश
जग से न्यारा मधेश।
लाल, गुलाल, अबीर,
उड़े जब आवे फागुन होली
ढोलिया पीटे श्याम गुरु जी,
गांव में फगुआ होली
एक ही रंग में रंग है दोनों
पूर्व पछुआ देश, यी है प्यार मधेश
यी है प्यार मधेश,जग से न्यारा मधेश



कृष्ण अग्रहरी
तौलिहवा कपिलवस्तु

# ठूला जलविद्युत आयोजना अगाडि बढाउनेबारे लगानी बोर्डसँग छलफल



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ठूला जलविद्युत् आयोजनालाई अगाडि बढाउने सम्बन्धमा लगानी बोर्डसँग छलफल गरेको छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत् क्षेत्रका राष्ट्रिय गौरवका आयोजनालाई अगाडि बढाउनका लागि शुक्रबार लगानी बोर्डसँग मन्त्रालयमा छलफल गर्नुभएको हो ।

मन्त्री खड्काले जलविद्युत् क्षेत्रका राष्ट्रिय गौरवका आयोजना र अन्य आयोजना त्यसको विकास र वर्तमान अवस्थाको बारेमा छलफल गर्नुभएको मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रवल अधिकारीले जानकारी दिनुभयो ।

बैठकमा अपर कर्णाली जलविद्युत् आयोजना, बूढीगण्डकी जलविद्युत् आयोजना, वेतन कर्णाली जलविद्युत् आयोजना, अरुण तेस्रो जलविद्युत् आयोजना, पश्चिम सेती जलविद्युत् आयोजनाजस्ता आयोजनालाई सञ्चालन तथा विकास गर्नको लागि छलफल भएको थियो ।

"ठूला जलविद्युत् आयोजनालाई अगाडि बढाउनका लागि आवश्यकपर्ने लगानी, पूर्वाधार, कानुनी रुपरेखासहित विषयलाई समन्वयनात्मक तवरले अगाडि बढाउन बारेमा छलफल भएको छ," वरिष्ठ ऊर्जा विज्ञ अधिकारीले भन्नुभयो ।

बैठकमा जलाशययुक्त ठूला जलविद्युत् आयोजना निर्माण गर्दा आवश्यक पर्ने वित्तीय तथा व्यवस्थापकीय पक्षलाई बलियो बनाउँदै अगाडि बढ्नुपर्ने विषयमासमेत छलफल भएको छ ।

बैठकमा मन्त्रालयका सचिव सुरेश आचार्य, सहसचिव चिरञ्जीवी चटौत, लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, मन्त्रालयका अर्थ विज्ञ अमित श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।रासस

# कोप-२९मा जलवायु न्यायका विषय सशक्तरुपमा उठाउन प्रधानमन्त्रीको आग्रह



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभाका मञ्चमा नेपालले राखेका जलवायु न्यायसम्बन्धी विषयलाई आगामी नोभेम्बर २०२४ मा अजरबैजानको बाकुमा हुने विश्व जलवायु सम्मेलन (कोप-२९) मा सशक्तरुपमा उठाउन सम्बन्धित मन्त्रालय र निकायलाई निर्देशन दिनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा शुक्रबार भएको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्को तेस्रो बैठकमा शुक्रबार प्रधानमन्त्री ओलीले महासभामा भएका सम्बोधन र साइडलाइन भेटवार्ताका क्रममा राखिएका जलवायु परिवर्तनमा नेपालको स्पष्ट अडान र दृष्टिकोणलाई कोप-२९ मा राख्न आग्रह गर्नुभएको हो। कोप-२९ मा राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले सहभागिता जनाउने कार्यक्रम रहेको छ।

प्रधानमन्त्री ओलीले नेपालमा हिमालहरुले विश्व तापमानलाई सन्तुलित बनाउन योगदान गरिरहेको सन्दर्भमा विश्वमा भएको कार्बन उत्सर्जनका कारण हिमालहरु पग्लिएर हिमाली क्षेत्रका बासिन्दा प्रभावित भइरहेकाले नेपालले कार्बन उत्सान गर्ने मुलुकबाट उचित क्षतिपूर्ति पाउनुपर्ने विषय उठाउँदै आउनुभएको छ । उहाँले हिमालदेखि समुद्रसम्मको वातावरण सन्तुलनका लागि योजना ल्याउन विश्व समुदायलाई माग गर्नुभएको छ ।

प्रधानमन्त्री ओलीले वन क्षेत्र निर्धारण गरिएकास्थलमा वन नहुने स्थितिको अन्त्य गर्दै सघन वन विस्तार कार्यलाई प्राथमिकता दिन निर्देशन दिनुभयो। उहाँले नेपालमा ४६ प्रतिशत वन क्षेत्र भए पनि खास वन रहेका क्षेत्र २८ प्रतिशत मात्रै रहेकाले बाँकी १२ प्रतिशत क्षेत्रमा सघन वन विस्तार गर्न जोड दिनुभयो । उहाँले कम्तीमा ४० प्रतिशत क्षेत्र वन कायम राख्ने गरी काम गर्न आग्रह गर्दै नेपालले विश्व वातावरण स्वच्छताका लागि वन, हिमाल र तालतलैया राखेर योगदान गरिरहेको उल्लेख गर्नुभयो ।

नेपालमा १७ प्रतिशत भूभाग हिमाल र सात प्रतिशत ताल-तलैया रहेका छन् । प्रधानमन्त्री ओलीले आयोजनाका लागि सरकारले निर्णय गरिसकेका काममा वन मन्त्रालयबाट हुनुपर्ने सहमतिमा ढिलाइ नगर्न पनि निर्देशन दिनुभयो । उहाँले भन्नुभयो ,"वन मन्त्रालयले वनलाई आफ्नो घरैबाट ल्याएको जस्तो गर्नुहुँदैन । आयोजना निर्माणका क्रममा मन्त्रिपरिषद्ले गरेका निर्णयमा पनि वन मन्त्रालयले रोकेका गुनासा आएका छन् । आवश्यकता अनुसार वनको रक्षा गर्दै वन नभएका ठाउँमा माग आएमा उद्योग सञ्चालन गर्न दिनुर्छ ।" बैठकले परिषद्को एक वर्षको कामको समीक्षा र अघिल्ला बैठकका निर्णय कार्यान्वयनका अवस्थाबारे जानकारी गराउदै आगामी नोभेम्बर २०२४ मा अजरबैजानको बाकुमा आयोजनामा हुने विश्व जलवायु सम्मेलन (कोप-२९) मा नेपालको प्रभावकारी सहभागिता, वन तथा वातावरण मन्त्रालयको नाम परिवर्तन गरी वन, वातावरण तथा जलवायु परिवर्तन राख्ने र आगामी एक वर्षका लागि मार्गनिर्देशन लिने आदि निर्णय गरेको छ ।

बैठकमा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, विभिन्न प्रदेशका मुख्यमन्त्री, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारी, नेपाल सरकारका मुख्यमन्त्री एकनारायण अर्यालगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# भरतपुर विमानस्थल विस्तार सरकारको प्राथमिकतामा



चितवन । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले भरतपुर विमानस्थल विस्तारका लागि सरकारका तर्फबाट काम भइरहेको बताउनुभएको छ। रोटरी क्लब अफ चितवनको आयोजनामा भरतपुर भ्रमण वर्षको अवसर पारेर आज यहाँ आयोजना गरिएको इन्टरनेशनल ह्यारिटेड म्याराथनको समापन समारोहमा उहाँले भरतपुर विमानस्थल विस्तार र क्षमता बढाउनेतर्फ सरकारले काम गरिरहेको बताउनुभएको हो ।

भरतपुर विमानस्थललाई रात्रिकालीन उडान गर्नसक्नेगरी उपकरण व्यवस्थापनको काम गर्न सरकार तयार रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "विमानस्थल विस्तारले पर्यटकको आवागमन पनि बढ्ने छ ।" सबै दृष्टिले केन्द्रमा रहेको यस जिल्लाले पर्यटन क्षेत्रमा निर्वाह गर्नुपर्ने भूमिकालाई महत्वका साथ हेरिने गरिएको मन्त्री पाण्डेले बताउनुभयो ।

रोटरी क्लबको आयोजनामा गरिएको म्याराथन कार्यक्रमले आपसी एकता, सद्भाव एवं स्वास्थ्यप्रतिको चिन्तनसँगै पर्यटकीय क्षेत्रको प्रचारप्रसारमा सहयोग गरेको उहाँले बताउनुभयो। स्वास्थ्य व्यक्तिले स्वास्थ्य समाज र मुलुक निर्माण गर्नसक्ने भन्दै यस्ता कार्यक्रमको महत्व धेरै हुने गरेको उहाँको भनाई थियो ।

कार्यक्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले जिल्लाको अर्थतन्त्रलाई चलायमान गराउन भ्रमण वर्षको आयोजना गरिएको बताउनुभयो। भ्रमण वर्षमा गरिने भनिएका कार्यक्रममध्ये अहिलेसम्म ५५ वटा कार्यक्रम सम्पन्न भइसकेको भन्दै उहाँले महानगरपालिकाले पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो । सो अवसरमा भरतपुर महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारी, कार्यक्रमका संयोजक राजन पियालगायतले बोल्नुभएको थियो।

रोटरी क्लब अफ चितवनको आयोजनामा भरतपुर भ्रमण वर्षको अवसर पारेर भरतपुर महानगरपालिका-२३ को घैलाघारीबाट सुरु भएको दौड मेघौलीको तेलौलीमा पुगेर सम्पन्न भएको थियो । कार्यक्रम संयोजक पियाका अनुसार १४ किलोमिटरको इन्टरनेशनल ह्यारिटेज म्याराथन कार्यक्रम गरिएको हो । म्याराथनमा दुई सय ५० जना सहभागी भएको संयोजक पियाले जानकारी दिनुभयो । इन्टरनेशनल ह्यारिटेज म्याराथनको उपाधि पुरुषतर्फ सञ्जय श्रेष्ठ र महिलातर्फ प्रजिता श्रेष्ठले हात पार्नुभएको छ। उहाँहरुले निर्धारित दूरी क्रमशः ४५ मिनेट १६ सेकेण्ड र ५६ मिनेट ११ सेकेण्डमा पार गर्नुभएको थियो । यस्तै पुरुषतर्फ दोस्रो स्थानमा राजेन्द्र तामाङले ४५ मिनेट १७ सेकेण्ड, तेस्रो स्थानमा रत्नबहादुर खत्रीले ४५ मिनेट २५ सेकेण्डमा र चौथो स्थानमा धीरबहादुर बुढाले ४६ मिनेट ५९ सेकेण्डमा निधारित दूरी पार गर्नुभएको हो ।

यस्तै महिलातर्फ दोस्रो स्थानमा फूलमति रानाले ५६ मिनेट २६ सेकेण्डमा पार गर्दा आशा रानाले ५८ मिनेट २९ सेकेण्डमा पार गरेर तेस्रो हुनुभयो भने राज्यलक्ष्मी रानाले ५७ मिनेट ३८ सेकेण्डमा पारगरेर चौथो स्थान हात पार्नुभयो। महिला पुरुष दुवैतर्फ विजेतालाई क्रमशः रु ३० हजार, रु २० हजार, रु १० हजार र रु पाँच हजार नगदसहित प्रमाणपत्र र ट्रफी प्रदान गरिएको थियो ।रासस

# दैनिक जीवनसँग जोड्ने गरी प्राविधिक शिक्षा उपलब्ध गराउनुपर्छः मन्त्री भट्टराई

पाटन । शिक्षा विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले विज्ञानलाई दैनिक जीवनसँग जोड्ने गरी विद्यालय तहदेखि प्राविधिक शिक्षा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभएको छ।

नेपाल मटेरियल्स साइन्स सोसाइटीद्वारा शुक्रबार ललितपुरमा आयोजित 'इन्टरनेशनल कन्फ्रेन्स अन एड्भान्स फङ्सनल मटेरियल्स' सम्मेलनमा मन्त्री भट्टराईले विज्ञान र प्रविधिको




विकास गर्दा विद्यालय तहदेखि प्राविधिक शिक्षा उपलब्ध गराउँदै समाज रुपान्तरण गर्दै जानुपर्ने बताउनुभयो।

उहाँले हामीले अन्तरराष्ट्रियकरणलाई ध्यान दिँदै नेपाली समाज र परिवेश अनुसार प्राविधिक शिक्षा दिनुपर्नेमा जोड दिनुभयो । नेपालीपन र नेपाली भाषालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने धारणा राख्दै उहाँले विज्ञान र प्रविधिको विकास पनि समाज र परिवेश अनुसार गर्नुपर्ने उल्लेख गर्नुभयो।

"वर्तमान विश्व प्रविधिमैत्री गतिविधिमा केन्द्रित भइरहेको छ। हामी प्रविधि केन्द्रित भइरहँदा विज्ञानलाई व्यवहारमा लागू गर्ने गरी काम गर्नुपर्ने र सोही अनुसार शिक्षाको व्यवस्था हुनु जरुरी छ", मन्त्री भट्टराईले भन्नुभयो । उहाँले विज्ञानलाई विचारमा मात्रै सीमित नराखेर जनजीवन, दैनिकी र उद्यमशीलतासँग जोड्ने माध्यमका रुपमा विकास गर्नुपर्ने धारणा राख्नुभयो ।"यस्ता सम्मेलनबाट निकालिएका निष्कर्ष र प्रतिबद्धतालाई नेपाली समुदाय र अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन आवश्यक छ। इसका लागि मन्त्रालय सरोकार भएका निकायसँग समन्वय गर्न तयार छ", मन्त्री भट्टराईले भन्नुभयो ।

चीनका प्रतिनिधि प्राध्यापक बिङ डिङले नेपालको शैक्षिक संस्थाले गरिरहेका काम र प्रयासको प्रशंसा गर्नुभयो । मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा ध्रुवप्रसाद गौतमले सम्मेलनलाई ज्ञान आदानप्रदानका लागि महत्वपूर्ण मञ्चका रुपमा उपयोग गरिने जानकारी गराउनुभयो ।मध्यपश्चिम विश्वविद्यालयका सहायक प्राध्यापक टङ्क मुखियाले सहभागीलाई स्वागत गर्दै सम्मेलनमा विज्ञान प्रविधिको उपयोग र यसले सिर्जना गरेका चुनौतीकाबारेमा छलफल गरिने बताउनुभयो ।

सम्मेलनको अध्यक्षता गर्नुभएका प्रा डा हेमराज पन्तले जलवायु परिवर्तन, ऊर्जा र स्वास्थ्यलगायत क्षेत्रका समस्या समाधान गर्न सामूहिक प्रयास आवश्यक पर्ने बताउनुभयो । आजदेखि सुरु भएको सम्मेलन तीन दिनसम्म सञ्चालन हुने जनाउँदै उहाँले सम्मेलनमा विज्ञान तथा प्रविधिका क्षेत्रमा देखाएका समस्या र चुनौतीको दिगो समाधान खोज्न प्रतिबद्धतासहित सबैलाई आह्वान गर्नुभयो ।

सम्मेलनमा चीन, भारत, मलेसिया, इन्डोनेसिया, जापान र संयुक्त राज्य अमेरिकालगायत विभिन्न १५ देशका वैज्ञानिक तथा अनुसन्धानकर्ताको सहभागिता छ ।

आजदेखि सुरु भएको अन्तरराष्ट्रिय वैज्ञानिक सम्मेलनमा विज्ञान प्रविधि तथा आविष्कारका क्षेत्रमा भएका गतिविधिबारे छलफल हुने जनाइएको छ ।

नेपाल मेटेरियल्स साइन्स सोसाइटीको आयोजनामा सुरु भएको सम्मेलनको सहआयोजकमा त्रिभुवन विश्वविद्यालय, पुल्चोक र सुदूरपश्चिम विश्वविद्यालय रहेका छन् ।रासस

# अधिकार सम्पन्न भूमि आयोग गठन हुन्छ : मन्त्री अधिकारी

खाँदबारी । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले अधिकार सम्पन्न भूमि आयोग गठन हुने गरिसक्छौँ", उहाँले भन्नुभयो। प्रदेश र स्थानीय तहसँग समन्वय गरेर सबै भूमिहिनलाई जग्गा उपलव्ध गराउने उहाँले उल्लेख गर्नुभयो। गरिबी निवारणलाई सरकारको उच्च



बताउनुभएको छ।

जिल्ला मालपोत कार्यालय खाँदबारीको शुक्रबार भवन उदघाटन गर्दै मन्त्री अधिकारीले भूमिहीन र सुकुम्बासीको समस्या दुई वर्षभित्र समाधान गर्ने प्रतिबद्धता जनाउनुभयो। यही महिना भित्रै भूमि आयोग गठन गर्ने उहाँको भनाइ थियो।

"मङ्सिर महिना भित्र सबै जिल्लामा भूमी आयोग गठन प्राथमिकतामा राखेको मन्त्री अधिकारीको भनाइ थियो।

लामो समयसम्म जमिन भोग गर्दै आए पनि लालपूर्जाविहीन भएर बस्नुपर्ने अवस्थाको अन्त्य गर्न सरकार लागिपरेको उहाँले बताउनुभयो। जिल्ला मालपोत कार्यालयको भवन रु दुई करोड २० लाखको लागतमा निर्माण सम्पन्न भएको हो ।रासस

# नीतिनिर्माण प्रक्रियामा पूर्ण र समान साझेदार बनाउन मन्त्रालय प्रतिबद्ध छः मन्त्री सुडी

काठमाण्डु। महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडीले महिलालाई राज्यका नीतिनिर्माण प्रक्रियामा पूर्ण र समान साझेदार बनाउन मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभएको छ।

शुक्रबार आयोजित नेपालको बेइजिङ प्लस ३० समीक्षा कार्यक्रममा उहाँले महिला राजनीतिक र आर्थिक सशक्तीकरणसँगै भेदभाव उन्मुलनमा मात्र नभई सबै नीतिनिर्माण प्रक्रियामा पूर्ण र समान साझेदारका रुपमा सहभागी हुनुपर्नेमा जोड दिनुभयो।

"महिला विकासको बलियो स्तम्भका रुपमा भूमिका खेल्नसक्नेमा दृढ विश्वास राख्छु", मन्त्री सुडीले भन्नुभयो, "महिला अधिकारका लागि निरन्तर पहल गरिरहेकाले महिला र बालबालिकाका लागि सहज र समान समाज विकास गर्न आवश्यक नीतिनिर्माण गर्नुका साथै सहभागितामूलक बनाउने प्रतिबद्धता व्यक्त गर्दछु।" उहाँले सरकार र नागरिक समाजसँगै मिलेर लैङ्गिक असमानताका मूल कारण निर्मुल गर्नुपर्नेमा जोड दिनुभयो।

बेइजिङ प्लस ३० समीक्षा सम्मेलनले महिला र बालबालिकाको सशक्तीकरणमा योगदान पुऱ्याउने मन्त्री सुडीले विश्वास व्यक्त गर्नुभयो। उहाँले महिला तथा बालबालिकाका क्षेत्रमा रहेका समस्याको उजागर गर्दै समाधानको बाटो पहिल्याउने गरी तथ्यपरक प्रतिवेदन बनाउन सुझाव दिनुभयो।

"बेइजिङ समीक्षा र कार्ययोजना महिला सशक्तीकरणका लागि दुरदर्शी एजेण्डा हो। यसले नीजि र सार्वजनिक सबै क्षेत्रमा महिला सशक्तीकरणका लागि सरोकार भएका क्षेत्रहरु पहिचान गरेको छ", मन्त्री सुडीले भन्नुभयो, "राष्ट्रियस्तरको यस छलफलले लैङ्गिक समानताका क्षेत्रमा काम गर्नेहरुसँग संलग्न हुन र अझै पनि पिछडिएका व्यक्तिहरुको समस्यालाई उजागर गर्न सरकार र सरोकार भएकाहरुको ध्यानाकर्षण गराउने अवसर प्रदान गर्नेछ।"

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई पनि समेटेर सशक्तीकरण अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले महिला र ज्येष्ठ नागरिकको अवस्था संवेदनशील बन्दै गएको बताउनुभयो।

नेशनल नेटवर्क फर बेइजिङ रिभ्यु नेपाल (एनएनबीएन), संयुक्त राष्ट्रसङ्घीय महिला (युएन महिला) र महिला, कानुन र विकास मञ्चको सहकार्यमा आयोजित सम्मेलनमा महिला आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका तीन महिला अधिकारकर्मीलाई सम्मान गरिएको थियो। रासस

# सरकार सही दिशातर्फ उन्मुख छ : मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकार गठनको सय दिनमा ७० प्रतिशत कार्य सम्पादन गर्नुले सरकार सही दिशातर्फ अघि बढेको बताउनुभयो ।

सरकारको प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले शुक्रबार मन्त्रालयमा यही कात्तिक ८ गते बसेको मन्त्रिपरिष्दको बैठकको निर्णय सार्वजनिक गर्दै भन्नुभयो, "सत्ता गठबन्धनले सय दिनमा ७० प्रतिशत कार्य सम्पादन गर्नुले 'मर्निङ सोज द डे'भन्ने सङ्केत गर्छ।

" पुँजीगत खर्च वृद्धि हुँदै जानु, आर्थिक विकासमा सुधार आउनु, सहकारी ठगीमाथि छानबिन गर्नु, दुग्ध किसानलाई रकम भुक्तानी गर्नु, निर्माण व्यवसायीलाई रकम भुक्तानी गर्नु, बाढीपीडितलाई पर्याप्त राहत प्रदान गर्नु लगायतका महत्वपूर्ण कार्य सरकारले समयमै सम्पन्न गरेको बताउनुभयो ।

मन्त्रिपरिष्दको निर्णय सार्वजनिक गर्दै मन्त्री गुरुङले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडलाई अब हुलाक टिकट, जग्गाधनी दर्ता प्रमाण पूर्जा र राहदानी स्टिकर छपाइ गर्न स्वीकृति दिएको बताउनुभयो । यस्तै बबई सिँचाइ आयोजनाका लागि बर्दियाको



गुलरिया नगरपालिकामा करिब ६५ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने, यही कात्तिक २१ गतेदेखि २७ सम्म मेक्सिकोमा दुईपक्षीय र बहुपक्षीय बैठकमा सहभागी हुन कृषि तथा पशुपन्क्षी विकासमन्त्रीलाई स्वीकृति प्रदान गर्ने मन्त्री गुरुङले बताउनुभयो ।

त्यस्तै, पाँचथरको फालेलुङ गाउँपालिका-५ मा भएको विस्फोटमा परी मृत्यु भएका दिप्सन साँवा र प्रिन्सा साँवाको परिवारलाई प्रतिपरिवार बिल बमोजिम बढीमा रु पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने, स्लोभानियासमेतका विभिन्न ११ स्थानका अवैतनिक वाणिज्यदूत/महावाणिज्यदूतको पदावधि एक अवधि (चार वर्ष) का लागि थप गर्ने, कात्तिक ३१ गतेदेखि १५ सम्म कतारमा आयोजना हुने 'फेमली एण्ड कन्टेम्प्रअरी मेगाट्रेन्डस' विषयक सम्मेलनमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने, ठूलो खोला जलविद्युत् आयोजनाको २२० केभी प्रसारण लाइन आयोजना निर्माणका लागि म्याग्दीको रघुगङ्गा गाउँपालिकामा रहेको राष्ट्रिय वनको कूल ६.०६ हेक्टर जग्गा प्रयोग गनृ स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय रहेको छ ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत सञ्चालित तराई-मधेश समृद्धि कार्यक्रमअन्तर्गत आव २०८१/८२ का लागि अधिकृतस्तरका तीन अस्थायी दरबन्दी स्वीकृत गर्ने, सीमा प्रशासन कार्यालय व्यास छाङरु, दार्चुला, सीमा प्रशासन कार्यालय पशुपतिनगर, इलाम र अध्यागमन कार्यालय पशुपतिनगर इलाम खारेज गर्ने, साथै अध्यागमन कार्यालय कोरोला, मुस्ताङ, अध्यागमन तथा सीमा प्रशासन कार्यालय तिङ्कर, दार्चुला र अध्यागमन तथा सीमा प्रशासन कार्यालय पशुपतिनगर, इलामको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने, नेपाल फार्मेसी परिषद्को सदस्य पदमा डा सभ्यता गौतम, काठमाडौँ र विष्णुप्रसाद कँडेल, बागलुङलाई मनोनयन गर्ने सरकारले निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिनुभयो ।रासस

# इजरायली आक्रमणमा तीन जना पत्रकारको मृत्यु

एएफपी

बेरुत । पूर्वी लेबनानमा भएको इजरायली आक्रमणमा तीन जना पत्रकारको मृत्यु हुनुका साथै बेरुतको दक्षिणी उपनगरका भवनहरूमा भौतिक क्षति भएको लेबनानको राष्ट्रिय सञ्चार माध्यामले शुक्रबार जनाएको छ ।

लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले हसबायामा भएको उक्त घटनाको रिपोर्ट गरेको थियो । रिर्पोटका अनुसार इजरायलले सिरियाली सीमा नजिकै शुक्रबार बिहान ३:३० गरेको छ । एएफपिटिभीको फुटेजमा आक्रमणपछि बेरुतको दक्षिणबाट धुवाँको मुस्लो उठेको देखाइएको छ ।

केही समय अघि दक्षिण बेरुतको चौइफत क्षेत्रमा नयाँ आक्रमण सुरु गरेको इजरायलले , विस्तारै हारेत ह्रीक र हदथलाई पनि लक्षित गरी आक्रमया सुरु गरेको छ ।बुधबारको इजरायली आक्रमणले दक्षिण बेरुतमा छ वटा भवनहरू क्षेतिग्रस्त राष्ट्रिय सञ्चार माध्याम तथा र एएफपी फुटेजले देखाएको थियो भने इजरायली सेनाले हिजबुल्लाह



मा आक्रमण गरेको थियो ।

एनएनएका अनुसार बेरुतको दक्षिणी चौइफत अल-अमरोसिह क्षेत्रमा, इजरायली हामलाले “दुई वटा भवनहरू क्षतिग्रस्त बनाएको थियो । सेन्ट थेरेस क्षेत्रलाई लक्षित गरी गरिएको आक्रमणमा संवैधानिक परिषद् नजिकैका दुईवटा भवनहरूसमेत ढलेको जनाएइको छ ।

इजरायली सेनाका अरबी भाषाका प्रवक्ता अविचे अद्राईले सामाजिक सञ्जाल एक्स मार्फत निकासी चेतावनी जारी गरे पछि बेरुतको दक्षिणमा आक्रमण भएको एनएनएले रिपोर्ट हतियार उत्पादन केन्द्र भित्र आक्रमण गरेको जनाएको छ ।

सेप्टेम्बर-२३ मा, इजरायलले लेबनानमा तीव्र आक्रमण सुरु गरे पछि गाजा युद्धलाई लिएर इरान समर्थित हिजबुल्लाहसँग सीमापार झडपपछि स्थलगत आक्रमणको घोषणा गरेको छ ।

पत्रकार संरक्षण समितिले सन् २०२३ अक्टोबरमा इजरायल-हमास युद्ध सुरु भएदेखि गाजा, वेस्ट ब्याङ्क, इजरायल र लेबनानमा कम्तिमा १२८ पत्रकारहरुको मृत्यु भएको जनाएको छ ।

# चक्रवात दाना भारतको तटीय क्षेत्रमा बज्रिन थाल्यो, लाखौँ मानिसलाई सुरक्षित स्थानमा सारियो

बीबीसी

काठमाण्डु । बङ्गालको खाडीमा विकसित चक्रवात दाना ओडिशाको तटीय क्षेत्रमा बज्रिन थालेको छ। भारतको मौसम विज्ञान विभाग (आईएमडी)का अधिकारीहरूले यो प्रक्रिया शुक्रवार बिहान जारी रहने बताएका छन्।

आईएमडीका एक वरिष्ठ अधिकारीका अनुसार उक्त समुद्री आँधी विगत छ घण्टा १५ किलोमिटर प्रतिघण्टाको गतिमा अघि बढेको र केन्द्रपाडा जिल्लाको भीतकर्णिका र भद्रक जिल्लाको धमराको बीचमा पुगेको जनाए। त्यो बेला वायुको गति झन्डै ११० किलोमिटर प्रतिघण्टा रहेको जनाइएको छ।

‘सिभिअर साइक्लोनिक स्टोर्म’ को वर्गमा राखिएको यो चक्रवात जमिनमा प्रवेश गर्ने प्रक्रिया दुई घण्टाजति चल्ने र त्यसपछि यो पश्चिम र पश्चिमोत्तर हुँदै उत्तर ओडिशातर्फ अघि बढ्ने अनुमान गरिएको छ। अपराह्णतिर शक्ति क्षीण भई यो समुद्री आँधी साइक्लोनिक स्टोर्म’को वर्गमा घटुवा हुने भारतको मौसम विज्ञान विभागले जनाएको छ। भद्रकमा कतिपय ठाउँमा रूख ढलेका छन् भने सडक बन्द छ। त्यहाँ ‘रेड अलर्ट’ जारी गरिएको छ। दाना चक्रवातको असर कस्तो देखिएको छ?



### १. हावाहुरी र वर्षा

चक्रवात दानाका कारण पश्चिम बङ्गालको तटीय क्षेत्रमा तीव्र गतिमा हावाहुरी चलिरहेको छादानाकै कारण ओडिशा र पश्चिम बङ्गालको तटीय क्षेत्रमा मध्यमदेखि भारी वर्षा पनि भइरहेको छ।

### २. ओडिशामा सुरक्षाको बन्दोबस्त

दानाले भीषण रूप लिन सक्ने आशङ्कामा दुवै राज्यमा सरकारी संयन्त्रहरू उच्च सतर्कताको अवस्थामा छन्। ओडिशाका मुख्यमन्त्री मोहन माझीले बिहीवार आफ्नो सरकार कुनै पनि परि स्थिति सामना गर्न तयार रहेको बताएका थिए। साथै उनले बाढीबाट निम्निन सक्ने प्रभाव कम गर्न पर्याप्त उपाय अपनाइएको जनाएका थिए।ओडिशाको कुल जनसंख्यामध्ये आधा यो समुद्री आँधीबाट प्रभावित हुन सक्ने ठानिएको छ।

### ३. ओडिशामा ६ लाख जनालाई सुरक्षित स्थानमा सारियो

ओडिशा सरकारले दाना प्रभावित क्षेत्रबाट सारिएका मानिसलाई राख्न ७,२०० वटा आश्रयस्थल निर्माण गरेको छ।मुख्यमन्त्री माझीले प्रधानमन्त्री नरेन्द्र मोदी र केन्द्रीय गृहमन्त्री अमित शाहले यो चक्रवातसँग जुध्न भएका तयारीबारे आफूसँग जानकारी दिए।उनका अनुसार झन्डै ५.८४ लाख मानिसलाई सुरक्षित स्थानमा पुऱ्याइएको र शुक्रवार बिहानसम्म यो संख्या ६ लाखभन्दा बढी पुग्न सक्छ।

### ४. हवाई र रेल यात्रा प्रभावित

कोलकातामा सुभाषचन्द्र बोस विमानस्थलमा सेवाहरू स्थगन भएका छन्। चक्रवात जमिनमा प्रवेश गर्ने चरणमा सहरमा वर्षा भएको छ भने हावाहुरी चलेको छ।भुवनेश्वरस्थित बीजू पटनायक विमानस्थलमा पनि उडानहरू बन्द भएका छन्। त्यहाँको अम्बेडकर बस स्टेशनमा सवारीसाधनहरूलाई पनि रोकेर राखिएको छ।भारतीय रेल सेवाले त्यस क्षेत्रमा चल्ने १५० रेल रद्द गरेको छ। दुवै राज्यका ठूला स्टेशनहरूमा यात्रीहरूको भिड छ।

### ५. पश्चिम बङ्गालमा उच्च सतर्कता

पश्चिम बङ्गाल पनि उच्च सतर्कता छ। राज्यका कैयौँ तटीय जिल्लाबाट हजारौँ मानिसलाई सुरक्षित स्थानमा लगिएको छ।मुख्यमन्त्री ममता बनर्जीले चक्रवात दानाको सम्भावित प्रभाव निगरानी गर्ने जिम्मेवारी सचिवस्तरका अधिकारीहरूलाई सुम्पिएकी छन्।विभिन्न स्थानमा ’कन्ट्रोल रुम’ खोलिएको छ।

### ६. शिविरमा मानिसहरू

पश्चिम बङ्गालमा झन्डै १,००० वटा राहत शिविर स्थापना भएका छन्। विभिन्न विद्यालय र सरकारी भवनहरूमा मानिसहरूलाई राख्ने व्यवस्था गरिएको छ। पश्चिम बङ्गाल सरकारले केन्द्र र राज्यका गरी विपद् प्रतिकार्य बलका २२ वटा टोलीलाई तम्तयार अवस्थामा राखेको छ।ठूलो स‫ञ्‌यामा प्रहरीहरू पनि परिचालित छन्।

### ७. शैक्षिक संस्थाहरू बन्द

ओडिशा र पश्चिम बङ्गालमा चक्रवातबाट प्रभाव पर्न सक्ने स्थानमा शनिबारसम्म विद्यालय र कलेजहरू बन्द गर्ने आदेश दिइएको छ।

### ८. नेपालको कोशी प्रदेशमा ‘आंशिक प्रभाव’

नेपालको जल तथा मौसम विज्ञान विभागले चक्रवात दानाको आंशिक प्रभाव कोशी प्रदेशमा रहेको जनाएको छ। काठमाण्डू उपत्यकामा पनि बिहानैदेखि बादल लागेको छ।

विभागले शुक्रवार कोशी र लुम्बिनी प्रदेशलगायत देशका पहाडी भूभागमा आंशिकदेखि साधारणतया बदली रही बाँकी भूभागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने पूर्वानुमान सार्वजनिक गरेको छ।साथै कोशी प्रदेश र लुम्बिनी प्रदेश लगायत देशका पहाडी भूभागका एक-दुई स्थानमा मेघगर्जन वा चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको पनि उल्लेख गरेको छ।

### दाना नाम कसरी राखियो?

‘दाना’ शब्द अरबी भाषाबाट आएको हो। त्यसको अर्थ ‘उदारता’ भन्ने हुन्छ। यो चक्रवातको नाम कतारले छानेको हो। चक्रवात दाना दुई महिनाको अवधिमा भारतीय तटीय क्षेत्रमा प्रवेश गर्ने दोस्रो समुद्री आँधी हो। यसअघि अगस्टको अन्तिममा चक्रवात असना समुद्रबाट जमिनमा प्रवेश गरेको थियो।

विश्व मौसमविज्ञान सङ्गठन (डब्ल्यूएमओ )ले पहिले नै तय गरेका नामहरूका सूचीबाट चक्रवातको नाम राखिन्छ। उक्त सूची प्रत्येक छ वर्षमा फेर्ने प्रचलन छ।सन् २००० मा डब्ल्यूएमओ एशिया तथा प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक आयोगअन्तर्गत समुद्री आँधीहरूको नामकरण गर्न थालिएको थियो।

सुरुमा सो समूहमा बाङ्लादेश, भारत, माल्दिभ्स,ओमान, पाकिस्तान, श्रीलङ्का र थाईल्यान्ड थिए। सन् २०१८ मा इरान, कतार, साउदी अरब, यूएई र यमन थपिए ।चक्रवातको नाम क्षेत्रीय शब्द या नामको आधारबाट गर्दा आँधीबाटप्रभावित देशहरूबीच जागरुकता र सांस्कृतिक आदानप्रदानलाई प्रोत्साहन गर्न सहयोग मिल्ने ठानिन्छ। त्यसले सञ्चार र चेतावनी प्रणालीलाई पनि सुदृढ बनाउन सघाउने अपेक्षा गरिन्छ।

# नसरल्लाहको मृत्यु हिजबुल्लाहका लागि ‘एक युगको अन्त्य’



एएफपी

बेरूत । एक महिनाअघि हिजबुल्लाहका शक्तिशाली नेता हसन नसरल्लाहको हत्याले इरान समर्थित लेबनानी आन्दोलनको लागि मौलिक परिवर्तनलाई चिह्नित गरेको छ ।“नसरल्लाहको मृत्युले हिजबुल्लाहको एक युगको अन्त्य गरेको छ”, अमेरिकास्थित थिङ्क ट्याङ्क सेन्च्युरी फाउन्डेसनका विश्लेषक साम हेलरले भन्नुभयो ।

दशकौँ सत्तामा रहेपछि, नसरल्लाहको मृत्युले “संगठनका लागि आवश्यक रूपमा परिवर्तनलाई चिह्नित गर्नेछ”, उहाँले बताउनुभयो। नसरल्लाहको प्रभाव लेबनानमा शिया मुस्लिम समर्थन आधारभन्दा धेरै टाढासम्म फैलिएको थियो। उहाँ संयुक्त राज्य अमेरिका र इजरायल विरुद्ध इरानी प्रतिरोधको एक प्रमुख स्तम्भ हुनुहुन्थ्यो । इजरायलले गत सेप्टेम्बर २७ मा बेरुतको दक्षिणी उपनगरमा गरेको हवाई आक्रमणमा नसरल्लाहको हत्यापछी हिजबुल्लाहको आन्दोलनलाई नयाँ युगमा धकेलेको छ ।

गत महिना, इजरायलले हिजबुल्लाहको गढहरूमा आक्रमणहरू बढाएको थियो जसमा एकपछि अर्को समूहको शीर्ष नेतृत्वको मृत्यु भएको हो । सन् १९९२ देखि समूहको नेतृत्व गरिरहेका नसरल्लाहले दशकौँसम्म इजरायलविरुद्ध कारबाहीको नेतृत्व गर्नुभयो । हेलरका अनुसार उहाँ सङ्गठनको अग्रणी निर्णयकर्ता हुनुहुन्थ्यो । समूहको शासक शूरा काउन्सिलले अहिलेसम्म उत्तराधिकारी नियुक्त गरेको छैन।

नसरल्लाहको हत्याको केही दिनपछि उक्त पदका लागि सम्भावित धर्मगुरु हाशेम सफीद्दिनको पनि इजरायली आक्रमणमा हत्या भएको थियो । हिजबुल्लाह हाल नेतृत्वबिहिन रहेको यसका उप प्रमुख नईम कासेमले बताउनुभएको छ ।

त्यसैगरी, प्रधानमन्त्री नाजिब मिकातीसहित अन्य लेबनानी अधिकारीहरूले उक्त समूहसँग हप्तौँदेखी सम्पर्क नभएको बताउनुभएको छ ।

# चक्रवात दानाको अवतरण पछि भारतमा भारी वर्षा

सिन्ह्वा

नयाँदिल्ली । तीव्र चक्रवाती आँधी दानाको अवतरण पछि पूर्वी भारतीय राज्य ओडिसा र पश्चिम बङ्गालका तटीय क्षेत्रहरूमा शुक्रबार भारी वर्षा भएको अधिकारीहरुले जनाएका छन् । अधिकारीहरूका अनुसार चक्रवात दानाले ओडिसाको केन्द्रपारा जिल्लाको भितरकनिका र भद्रकको धामराको बिचमा मध्यरातमा अवतरण गरेको थियो ।

करीव १००-११० किलोमिटर प्रति घण्टाको गतिमा आएको चक्रवातले ओडिसा र पश्चिम बङ्गालका धेरै क्षेत्रहरूमा रूखहरू ढलाउनुका साथै बिजुलीका तारहरूमा क्षति पुर्याएको जनएइको

भारतीय मौसम विज्ञान विभाग (आइएमडी) का अनुसार दाना चक्रवातको अवतरण प्रक्रिया सम्पन्न भइसकेको छ । चक्रवात उत्तर ओडिसा हुँदै उत्तरपश्चिमतर्फ बढ्ने र आगामी पाँच घन्टामा बिस्तारै कमजोर हुने सम्भावना छ । चक्रवातको अवधिमा सावधानीको लागि बन्द गरिएका भुवनेश्वर र कोलकाताका हवाइ तथा रेल सेवाहरू शुक्रवार बिहान देखि पुनः सुरु भएको अधिकारीहरूले जनाएका छन् ।

प्रभावित राज्यका स्थानीय सरकारहरूले करिब दश लाख मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्त्रण गरी विद्यालयहरू बन्द गरेको सुचना जारी गरेका थिए ।



छ । चक्रवातले केही अत्यावश्यक नागरिक सेवाहरूमा बाधा पुगेको छ भने बालीलाई क्षति पुर्याइ प्रभावित क्षेत्रको जन-जीवनमा असर पारेको छ । यद्देपी अहिलेसम्म कुनै हताहत भएको खबर आएको छैन ।

प्रभावित राज्यका जिल्लाहरूमा, अधिकारीहरूले स्थानीयको सहायताका लागि स्थानीय विपद् व्यवस्थापन कर्मचारी, प्रहरी, चिकित्सा टोली र राष्ट्रिय विपद् प्रतिक्रिया बलका टोलीहरू तैनाथ गरेका थिए ।

# सम्पूर्ण अमेरिकीले चाहेको राष्ट्रपति बन्ने इच्छा छ

एएनआई

पेन्सिलभेनिया । अमेरिकी राष्ट्रपति चुनावमा दुई हप्ताभन्दा कम समय बाँकी हुँदा अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले आफू सम्पूर्ण अमेरिकी जनताले चाहेको राष्ट्रपति बन्ने इच्छा व्यक्त गर्नुभएको छ ।

जर्जियामा चुनाव प्रचारका लागि प्रस्थान गर्नुअघि एक पत्रकार सम्मेलनमा पत्रकारहरूसँग कुरा गर्दै ह्यारिसले लोकतान्त्रिक भविष्यका बारेमा चिन्ता व्यक्त गर्ने पुरुष र महिलाहरूलाई समान रूपमा हेरेको बताउनुभएको छ ।

पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दोस्रो कार्यकालका लागि र उपराष्ट्रपति कमला ह्यारिसले ह्वाइट हाउसमा पहिलो कार्यकालका लागि उम्मेदवारी दर्ता गराउनुभएको हो । कमला ह्यारिसले अमेरिकी जनताले उनीहरूले सामना गर्ने चुनौतिको सामना गर्न सक्षम राष्ट्रपति चाहेको बताउनुभएको छ ।

उहाँले प्रतिद्वन्द्वी डोनाल्ड ट्रम्पलाई जनताको मौलिक स्वतन्त्रता खोसेको आरोप समेत लगाउनुभएको छ । त्यसैगरी,



मतदानमा लैङ्गिक अन्तरको मुद्दामा सोधिएको प्रश्नको जवाफमा ह्यारिसले भन्नुभयो, “म तपाईंसँग इमानदार हुनुपर्दछ, पुरुष र महिला दुबैले हाम्रो लोकतान्त्रिक भविष्यको बारेमा समान मात्रामा आफ्नो चिन्ता व्यक्त गरिरहेको मैले देखिरहेको छु, उनीहरू देशले सामना गर्ने चुनौतिको सामना गर्न सक्षम राष्ट्रपति चाहन्छन् । त्यसैले, मैले वास्तवमा त्यस्तो असमानता देख्दिनँ, र म सबै अमेरिकीहरूले चाहेको राष्ट्रपति बन्न चाहन्छु ।”

उहाँले सीमा मुद्दाबारे कुरा गर्दै अमेरिकी सीमा सुरक्षाको सुनिश्चितता आफ्नो सर्वोच्च प्राथमिकताको विषय रहेको बताउनुभएको छ ।

कमला ह्यारिसले बिहीबार (स्थानीय समय) जर्जियामा पहिलो पटक पूर्व अमेरिकी राष्ट्रपति बराक ओबामासँग चुनावी प्रचार गर्ने अपेक्षा गरिएको छ । अभियान अधिकारीहरूका अनुसार ह्यारिस शनिबार पूर्व अमेरिकी प्रथम महिला मिशेल ओबामासँग मिशिगनमा उपस्थित हुने तयारी गरिएको छ । पूर्व राष्ट्रपति बाराक ओबामा र मिशेल ओबामाले जुलाईमा ह्यारिसलाई राष्ट्रपति उम्मेदवारको रुपमा समर्थन गर्नुभएको थियो ।

# युगान्डामा पूर्व एलआरए कमान्डरलाई ४० वर्षको कारावास सजाय

एएफपी

कम्पाला । युगान्डाको एक अदालतले शुक्रबार लर्ड्स रेजिस्टेन्स आर्मी (एलआरए) का पूर्व कमान्डर थोमस क्वोयेलोलाई एउटा ऐतिहासिक युद्ध अपराध मुद्दामा समूहको दुई दशक लामो आतङ्कमा उहाँको भूमिकाका लागि ४० वर्षको कारावास सजाय सुनाएको छ ।

युगान्डाको अदालतमा युद्ध अपराधका लागि खतरनाक सङ्गठनका कुनै सदस्यलाई मुद्दा चलाइएको यो पहिलो पटक हो । उक्त सङ्गठनले राष्ट्रपति योवेरी मुसेभेनी विरुद्ध दुई दशक लामो विद्रोह गरेको थियो ।



अगस्टमा ४४ वटा युद्ध अपराध र मानवता विरुद्धको अपराधमा दोषी ठहर गरिएका क्वोयेलो विरुद्धको सजाय उत्तरी शहर गुलुमा उच्च अदालतको अन्तर्राष्ट्रिय अपराध विभाग (आइसिडी) मा मुद्दाका प्रमुख न्यायाधीश माइकल एलुबुले घोषणा गर्नुभएको थियो ।न्यायाधीश एलुबुले क्वोयेलोलाई १४ दिनभित्र सजाय र/वा दोषी ठहर विरुद्ध अपिल गर्ने अधिकार रहेको बताउनुभयो ।

उहाँ विरुद्धका आरोपहरूमा हत्या, बलात्कार, यातना, लुटपाट, अपहरण र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूका बस्तीहरूको विनाश समावेश थिए ।क्वोयेलोले यसअघि आफू विरुद्धका सबै आरोपहरूलाई अस्वीकार गर्नुभएको थियो । उहाँलाई १२ वर्षको उमेरमा एलआरएले अपहरण गरेको थियो र उहाँ निम्नस्तरको कमान्डर बन्नुभएको थियो ।

एलआरए पूर्व अल्टार बोय र स्व-घोषित भविष्यवक्ता जोसेफ कोनीले सन् १९८० को दशकमा दश आज्ञाका आधारमा शासन स्थापना गर्ने उद्देश्यले युगान्डामा स्थापना गर्नुभएको थियो ।सङ्गठनको विद्रोहमा युगान्डादेखि सुडान, प्रजातान्त्रिक गणतन्त्र कङ्गो र मध्य अफ्रिकी गणतन्त्रसम्म फैलिएको आतङ्कको शासनमा एक लाखभन्दा बढी मानिस मारिए र ६० हजार बालबालिका अपहरणमा परेका थिए ।

# इन्डोनेसियाबाट १५० भन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार ; राष्ट्रङ्घ

एएफपी

इन्डोनेसिया । इन्डोनेसियाबाट अधिकाशं महिला तथा बालबालिका सहित १५० जना भन्दा बढी रोहिंग्या शरणार्थीको उद्धार गरिएको संयुक्त राष्ट्रसङ्घीय शरणार्थी एजेन्सीले शुक्रबार जनाएको छ । एजेन्सीका अनुसार उनीहरू चढेको डुङ्गा समुद्रमा केही दिन देखि फसेको अवस्थामा उनीहरुको उद्धार गरिएको हो ।

मुस्लिम समुदाय निकट रोहिंग्याहरू म्यानमामा पिडित भएकाले हरेक वर्ष हजारौंको सङ्ख्यामा मलेसिया इन्डोनेसियालगायतका देशमा पुग्नका लागि खतरापुर्ण समुद्री यात्रा गर्ने गर्छन ।करिव १५२ जना यात्रु बोकेको डुङ्गा दक्षिण आचेह जिल्लाको तटबाट एक माइल टाढा केही दिनसम्म रहेकिएको थियो । केही दिन पछि अधिकारीहरूले उनीहरूलाई अवतरण गर्न दिने निर्णय गरेसँगै अन्तत ; बिहीबार दिउँसो उनीहरूलाई किनारमा ल्याइएको हो ।

मानव जीवन बचाउने प्रयासका साथै करिब शरणार्थीलाई अवतरण अनुमति दिएकोमा युएनएचसीआर अधिकारी र स्थानीय समुदायलाई युएनएचसीआरका फैसल रहमानले धन्यवाद दिनु भएको छ । उहाँका अनुसार शरणार्थी मध्येका धेरै जना कमजोर महिला तथा बालबालिका थिए जो मानव बेचबिखनको सिकार भएका थिए ।

इन्डोनेसिया राष्ट्रसङ्घीय शरणार्थी महासन्धिको हस्ताक्षर कर्ता नभएकाले म्यानमाबाट शरणार्थीहरू लिन बाध्य नभए नि छिमेकी देशहरूको बोझ बाँड्न र किनारमा आइपुगेका रोहिंग्याहरूलाई पुनः स्थापित गरी मानवियता रक्षा गर्न आह्वान गरिएको छ ।

# इलाममा फस्टाउँदै प्याजखेती



इलाम । पछिल्लो समय यस जिल्लामा प्याजखेती फस्टाउँदै गएको छ । कम लगानी र छोटो समयमा नै राम्रो आम्दानी गर्न सकिने भएपछि यहाँका किसान व्यावसायिक प्याजखेतीतर्फ आकर्षित भएका हुन् ।

सन्दकपुर गाउँपालिका-३ सुलुबुङका प्रकाश पराजुलीले यस वर्ष ६५ मन (दुई हजार छ सय केजी) प्याज उत्पादन गर्नुभयो । "प्रतिमन रु दुई हजारका दरले ६० मन बिक्री गरेँ, आफूलाई खान र छरछिमेक, आफन्तकोमा कोसेली पुर्याउँदा पाँच मनजति सकियो", पराजुलीले भन्नुभयो ।

गाउँपालिकाको ५० प्रतिशत सहयोगमा पिआई-१७२ जातको दुई सय ग्राम बीउ रोपण गर्नुभएका पराजुलीले रु एक लाख २५ हजारको प्याज बिक्री गर्नुभएको छ । "जम्मा रु ३२ हजार खर्च कटाएर खुद रु ९३ हजार बचत भयो । नयाँ हाइब्रिट जातको प्याज लगाउँदा यहाँको माटोमा फस्टाउने रहेछ", उहाँले भन्नुभयो, "लोकल जातका प्याज त तीन वर्षअघि नै सय मन फलाएको थिएँ । त्यो बेला समयमा बजार पुर्याउन सकिएन, भण्डारण व्यवस्थापन गर्न नसक्दा कुहिएर घाटा भयो । अहिलेचाहिँ बजारको समस्या छैन । बाटो राम्रो छ घरमै पनि आउँछन् व्यापारी ।"

जिल्लामा एक सय १५ हेक्टर जमिनमा प्याजखेती हुने गरेको कृषि ज्ञान केन्द्रसँग तथ्याङ्क छ । आर्थिक वर्ष २०७९/८० मा एक हजार आठ सय ७४ मेट्रिक टन प्याज उत्पादन भएकामा आव २०८०/८१ मा एक सय मेट्रिक टन बढी प्याज उत्पादन भएको कार्यालयका कृषि प्रसार अधिकृत जीवन ठाडामगरले जानकारी दिनुभयो ।

सन्दकपुर-३ कै अर्का किसान विष्णु खनालले १९ मन र माइजोगमाई गाउँपालिका-३ का किसान मोहन सुवेदीले पनि यो वर्ष चार मन प्याज फलाउनुभएको छ । "रु ७० प्रतिकिलोका दरले बिक्री गरेँ । बाँदरले अन्य खेती र तरकारीसमेत नष्ट गरेकाले यो वर्ष प्याज अलि बढी रोपियो, उत्पादन पनि राम्रो भयो", सुवेदीले भन्नुभयो, "प्याजमा मेहनत गर्ने हो भने यसको बजार र आम्दानी राम्रै हुनेरहेछ ।"

प्याजको राम्रो उत्पादनका लागि ६० मिटरदेखि दुई हजार मिटरसम्मको उचाइमा खेती गर्न सकिने कृषि प्राविधिक प्रभु शाहले बताउनुभयो । "प्याजको वृद्धि विकासका लागि १३ देखि २५ डिग्री सेन्टिग्रेट तापक्रम आवश्यक हुन्छ, पानी नजम्ने र प्राङ्गारिक पदार्थ प्रशस्त भएको माटो उपयुक्त हुन्छ, माटोमा पिएच ५ दशमलव ८ देखि ६ दशमलव ५ हुनुपर्दछ", शाहले भन्नुभयो ।

सूर्योदयका अगुवा किसान मदन राईले प्याज रोप्नुअघि जमिनको तयारी राम्रो गर्नुपर्ने अनुभव सुनाउनुभयो । "खनजोत गहिरो, डल्ला फुटाउने, झार जिलाउने, माटो मसिनो र बुरबुराउँदो बनाउनुपर्ने रहेछ । राम्ररी पाकेको गोबर मलको प्रयोग राम्रो हुँदोरहेछ, एक दिन अगाडि नै बीउलाई पानीमा भिजाएर उमार्नुपर्छ । नर्सरीमा राम्रोसँग उम्रेका बिरुवा ८-१० हप्तामा रोप्नलायक हुन्छन्", उहाँले भन्नुभयो ।रासस

# पाटनको दौवहाल:मा रात्रिकालीन व्यापार मेला हुने




पाटन । ललितपुर पाटनको दौवहाल:मा रात्रिकालीन व्यापार मेला हुने भएको छ । वडा नं १६ कार्यालयले बिहीबार यहाँ पत्रकार सम्मेलन गरी दिएको जानकारीअनुसार स्थानीय जात्रा, पहिरन, पहिचान र संस्कृतिलाई उजागर गर्नुका साथै स्थानीय उत्पादनलाई बजारीकरण गर्ने अभिप्रायका साथ ललितपुर महानगरपालिकाको वडा नं १६ महिला समितिको आयोजनामा यही कात्तिक ११ र १२ गते साँझ ४ देखि ९ बजेसम्म रात्रिकालीन व्यापार मेला गर्न लागिएको हो ।

वडा नं १६ का अध्यक्ष निर्मलरत्न शाक्यले पर्यटनको प्रचुर सम्भावना बोकेको सहरमा बसेका स्थानीयलाई आयआर्जनमा जोड्न यो प्रयास महत्त्वपूर्ण हुने बताउनुभयो । "यो मेलामा हस्तकला महासङ्घ, पाटन पर्यटन विकास संस्थाको पनि सहयोग रहने विश्वास छ, महानगरपालिकाको दीर्घकालीन योजनालाई सहयोग पुर्याउने उद्देश्यअनुसार यो कदम चालिएको हो । महिलाले घरघरमा उत्पादन गरेका हस्तकलालगायत सामग्री बिक्री गरेर आर्थिकोपार्जन गर्न सक्ने अवसर मिल्ने छ", उहाँले भन्नुभयो ।

अध्यक्ष शाक्यले यसबाट स्थानीय श्रम, सीप र क्षमताको बजारीकरण हुनुका साथै समुदायको आयआर्जनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । मेलाका समयमा साङ्गीतिक कार्यक्रमसमेत गरिने उहाँले जानकारी गराउनुभयो ।

मेलामा स्थानीय हस्तकलाका सामग्री, स्थानीय नेवारी खानाका परिकार समावेश हुने आयोजकले जनाएको छ । जात्रा, पहिरन, हाम्रो पहिचान र संस्कृतिलाई प्रचारप्रसार गर्ने अभिप्रायले हुन लागेको यो कार्यक्रमलाई अझ परिस्कृत गरेर लैजाने अध्यक्ष शाक्यले बताउनुभयो । आगामी वर्षदेखि मेलालाई व्यवस्थित बनाउन बृहत् रूपमा तालिका बनाएर सञ्चालन गरिने उहाँले जानकारी गराउनुभयो ।

रात्रिकालीन व्यापार र बजारलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै हस्तकलाको प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण र पर्यटनको विकास गर्ने उद्देश्यका साथ मेला आयोजना गर्न लागिएको मेला व्यवस्थापन समितिका संयोजक बबिता श्रेष्ठले जानकारी गराउनुभयो ।

"स्थानीय व्यापार वृद्धि गरी महिलाको आयआर्जन वृद्धि गर्न सानो प्रयास हो, पाटनलाई चौबीसै घण्टा जागृत गराउने उद्देश्यले यो क्षेत्रलाई उकास्न दीर्घकालीन योजनाअनुसार काम गर्ने लक्ष्यका साथ यो मेला गर्न लागिएको हो । नुनदेखि सुनसम्म पाइने व्यवस्था मिलाइनेछ, ८० वटा स्टलको व्यवस्था गरिनेछ, हरेक स्थलमा फरकफरक सामान राख्ने व्यवस्था मिलाइनेछ, तिहारलाई चाहिने खाद्यान्नसहित अन्य सामग्री राख्नेछौँ", उहाँले भन्नुभयो ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले ललितपुरलाई 'स्मार्ट सिटी' बनाउने अभियानभित्रै 'पाटन डज नट स्लीप' योजनालाई पनि समेट्ने र त्यसका लागि आवश्यक पूर्वाधारसहित विपद् व्यवस्थापनलगायत काम गरेरमात्र घोषणा गर्ने बताउँदै आउनुभएको छ ।रासस

# खेतीमा प्रविधिको प्रयोगले बढायो आम्दानी



दोधारा चाँदनी । कञ्चनपुरको बेलौरी नगरपालिका-६ का किसान आसरे रामवडायकले परम्परागत कृषिलाई प्रविधिसँग जोड्दै व्यावसायिक रूपमा खेती गरेर मनग्य आम्दानी गर्नुभएको छ ।

विसं २०७४ देखि व्यावसायिक रूपमा कृषिमा लाग्नुभएका वडायकले खेतीबाटै आम्दानी गरेर रु एक करोड बढीको कृषियन्त्र जोडेका छन्भने खेती गरेरै मनग्य आम्दानी गर्दै आउनुभएको छ । वडयकले आफ्नो र भाडामा गरी १५ बिघा जग्गामा उखु, तोरी, मसुरो र धानखेती गरेर वार्षिक रु ३० लाख बराबरको उत्पादन गरिरहेको बताउनुभयो । उहाँले खेती गर्न अत्याधुनिक कृषि उपकरण भित्र्याएर काम गरिरहेको बताउनुभयो ।

"अहिलेसम्म खेतीबाट आएको आम्दानीले रु एक करोड बढीका कृषियन्त्र खरिद गरेको छु", उहाँले भन्नुभयो, "ड्रोन प्रविधिबाट खेती गर्न सहज हुने भएकाले गत वर्षमात्र रु १० लाखमा ड्रोन ल्याएको छु ।" उहाँले ड्रोन प्रविधिबाट खेती गर्दा लागत कम हुनुका साथै उत्पादनमा समेत वृद्धि भएको बताउनुभयो ।

भारतका विभिन्न सहरमा व्यावसायिक खेतीको तालिम लिएर व्यावसायिक रूपमा खेतीमा लागेको उहाँको भनाइ छ । "दुई वर्ष भारतको साझनपुरमा उखुखेतीसम्बन्धी तालिम लिएँ, भारतकै महाराष्ट्रको साङलीमा व्यावसायिक खेतीको तालिम लिएर यहाँ आएपछि आफ्नो र जग्गा भाडामा लिएर खेतीमा लागेको हुँ", वडायकले भन्नुभयो, "२०७१ सालमा भारतकोपन्तनगरविश्वविद्यालयमा तरकारीखेतीसम्बन्धी तालिम लिएको छु ।" उहाँले भारतमा सिकेको सीपले खेती गर्न धेरै सहज भएको बताउनुभयो ।

ड्रोन प्रविधिबाट खेती सुरु गरेपछि उत्पादन राम्रो हुन थालेको वडायकको भनाइ छ । "ड्रोनले मानिसले भन्दा धेरै छिटो काम गर्छ, यसबाट बीउबिजन र विषादीलगायत आवश्यक कीटनाषक औषधिसमेत छर्कन सकिन्छ," उहाँले भन्नुभयो, "ड्रोनको प्रयोगले विषादी छर्किँदा मानिसले भन्दा राम्रोसँग छर्किन सकियो अर्को किसानको स्वास्थ्यमा हुनसक्ने समस्या पनि हुँदैन ।" उहाँले पछिल्लो समय विषादी छर्किँदा किसानको स्वास्थ्यमा समस्या हुने गरेको उल्लेख गर्दै ड्रोन प्रविधिले किसानको स्वास्थ्यमा हुने समस्यासमेत नहुने बताउनुभयो ।

ड्रोन प्रविधिले बीउबिजन र विषादी छर्किँदा थोरै लागतमा धेरै काम गर्न सकिने वडायकले उल्लेख गर्नुभयो । उहाँले खेतीमा परिवारका सदस्यले समेत सघाउने गरेको बताउनुभयो । "मेरो भतिजा र छोरी आइएससी एजी अध्ययन गरिरहेका छन्", वडायकले भन्नुभयो, "उहाँहरूले पनि मलाई प्राविधिक कुरामा सघाउनुहुन्छ, त्यसले पनि मलाई खेतीमा सजिलो भएको छ", उहाँले छोरी सुस्मिता र भतिजा व्यावसायिक रूपमा कृषि गर्ने उद्देश्यले नै आइएससी एजी अध्ययन गर्न गएको बताउनुभयो । "अहिले प्रविधिले हामीलाई धेरै नै सहज बनाएको छ घरका सबै सदस्य मिलेर काम गरिरहेका छौँ", उहाँले भन्नुभयो, "परम्परागतभन्दा प्रविधिले उत्पादन र लागत दुवैमा फाइदा भएको छ ।" उहाँले खेतीको सिजनका बेला ३०/४० जनालाई रोजगारीसमेत दिने गरेको बताउनुभयो ।

"सामान्य किसानले एक बिघा जग्गामा रु दुईदेखि तीन लाखसम्मको उत्पादन गर्छ, मैले एक बिघामा करिब रु १४ लाखसम्मको उत्पादन गर्ने लक्ष्य लिएको छु", वडायकले भन्नुभयो, "प्राविधिक कुरामा मात्र ध्यान दिनसके राम्रो उत्पादन हुन्छ ।" उहाँले उत्पादन गर्न सके बजारको समस्या भने नरहेको बताउनुभयो ।

"अहिलेसम्म बजारको समस्या भोग्नुपरेको छैन", वडायकले भन्नुभयो, "स्वदेशमै मेहनतका साथ काम गरे विदेश जानुपर्दैन ।" उहाँले व्यावसायिक रूपमा कृषि गरे विदेशकै जति कमाइ स्वदेशमा गर्न सकिने बताउनुभयो । वडायक गत वर्ष सुदूरपश्चिम प्रदेश सरकारबाट सुदूरपश्चिमभरिसर्वोत्कृष्टकिसानका रूपमा सम्मानित हुनुभएको छ । त्यसैगरी भीमदत्त उत्कृष्ट किसानबाट समेत उहाँ सम्मानित भइसक्नुभएको छ ।

पछिल्लो समय कृषिमा प्रविधिको प्रयोग बढ्दै गएको छ । परम्परागत रूपमा गोरु र राँगाहरूले जोत्ने ठाउँमा ट्र्याक्टर, मिनीटिलर, पावर टिलरको प्रयोग गर्न थालिएको छभने बाली काट्न र पिस्न पनि प्रविधिको प्रयोग भइरहेको छ । काट्नलाई रिपर, बस कटर, कम्बाइन हार्भेस्टरलगायतका अत्याधुनिक उपकरणको प्रयोग बढ्दो छ ।

अहिले किसानले ड्रोनलगायत नयाँनयाँ बीउबिजन, रोग-कीरा नियन्त्रणसम्बन्धी प्रविधिको प्रयोग गरिरहेका छन् । किसानको धेरै समय खेतबारी खनजोतमा नलाग्ने र काम गर्न सहज हुने भएपछि यान्त्रीकीकरणतर्फ किसानको आकर्षण बढेको छ ।रासस

# यस्तो छ विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ २३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ८३ पैसा कायम भएको छ ।

युरोपियन यूरो एकको खरिददर एक सय ४४ रुपैयाँ ९० पैसा र बिक्रीदर एक सय ४५ रुपैयाँ ५५ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७४ रुपैयाँ १३ पैसा र बिक्रीदर एक सय ७४ रुपैयाँ ९१ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५५ रुपैयाँ ०८ पैसा र बिक्रीदर एक सय ५५ रुपैयाँ ७७ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ३३ पैसा र बिक्रीदर ८९ रुपैयाँ ७३ पैसा, क्यानेडियन डलर एकको खरिददर ९७ रुपैयाँ १२ पैसा र बिक्रीदर ९७ रुपैयाँ ५६ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ७३ पैसा र बिक्रीदर एक सय दुई रुपैयाँ १८ पैसा निर्धारण गरिएको छ । जापानी येन १० को खरिददर आठ रुपैयाँ ८४ पैसा र बिक्रीदर आठ रुपैयाँ ८८ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८७ पैसा र बिक्रीदर १८ रुपैयाँ ९५ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३५ रुपैयाँ ९० पैसा र कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ८२ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९८ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर तीन रुपैयाँ ९९ पैसा र बिक्रीदर चार रुपैयाँ ०१ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७१ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ ८७ पैसा र बिक्रीदर ३१ रुपैयाँ ०१ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ७३ पैसा र बिक्रीदर नौ रुपैयाँ ७८ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ६९ पैसा र बिक्रीदर १२ रुपैयाँ ७५ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ४२ पैसा र बिक्रीदर १९ रुपैयाँ ५१ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २७ पैसा र बिक्रीदर १७ रुपैयाँ ३५ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३८ रुपैयाँ १२ पैसा र बिक्रीदर चार सय ४० रुपैयाँ ०८ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५६ रुपैयाँ र बिक्रीदर तीन सय ५७ रुपैयाँ ५९ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले जुनसुकै समयमा पनि उल्लेखित दर संशोधन गर्न सक्ने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# तीनसय ५५ रोपनीमा लगाएको धान र कोदो नष्ट

गलेश्वर । गत आइतबार साँझ परेको असिनापानीले म्याग्दीको बेनी नगरपालिका २ ज्यामरुककोटको गौश्वारा र तमानेमा तीनसय ५५ रोपनीमा लगाएको धान र कोदो नष्ट भएको छ ।

स्थानीय जनप्रतिनिधि र कृषि प्राविधिकको टोलीले तीन दिन लगाएर गरेको मूल्याङ्कनअनुसार सबैभन्दा बढी क्षति गौश्वारा र तमानेमा भएको पाइएको हो । टोलीले बिहीबार साँझ क्षतिको विवरण सार्वजनिक गरेको हो ।बेनी-२ का वडासदस्य चन्द्रकान्त रिजालले दिएको जानकारीअनुसार असिनापानीले खेतमा पाक्नै लागेको धान र कोदोमा क्षति पुर्याएको छ । असिनापानीले धान बालीमा क्षति भएपछि कृषि प्राविधिकसहित जनप्रतिनिधिको टोली क्षतिको विवरण सङ्कलन गर्न खेतमा पुगेका थियो ।

असिनापानीले सबैभन्दा बढी क्षति ज्यामरुककोटको गौश्वारामा भएको बेनी-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो । "गौश्वारामा गरिएको धानखेतीमा असिना पानीले ८० प्रतिशतसम्म दाना झारेको पाइएको छ, अधिकांश ठाउमा धानको दाना झरेर पराल मात्र बाँकी रहेको भेटिएको छ । किसान अहिले दाना झरेर बाँकी रहेको पराल काटिरहेका छन् । पीडित किसानलाई क्षतिपूर्ति वा राहतका लागि सम्बन्धित निकायमा अनुरोध गर्नेछौँ", उहाँले भन्नुभयो ।

असिनापानीले जिल्लाको बेनी-२ ज्यामरुककोटको सानालेख, गौश्वारा, तमाने, फापरखेत, खबरा, बगरफाँट, वडा नं ३ भकिम्लीको तोराखेत, वडा नं १ को अर्जम, रत्नेचौरलगायत ठाउँमा काटेर खेतमा सुकाएको र काट्न बाँकी रहेको धानमा क्षति भएपछि किसान चिन्तित बनेका बेनी-२ का वडासदस्य रिजालले बताउनुभयो । उहाँका अनुसार असिनासहितको वर्षाले झाँट्नका लागि ठिक्क पारेको धान खेतमा नै झारिदिएको छ । रासस

# धानबाली भित्र्याएर फुर्सदिला भएका थारू मुसा मार्न व्यस्त



कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-३ जोनापुर गाउँका बन्धुराम चौधरी मुसा मार्ने कार्यमा निकै निपूण छन् । उनी बिल (दुलो) हेरेर नै त्यसमा मुसा भए/नभएकोबारे जानकारी राख्छन् । मुसा मार्ने कला उनले सानै छँदादेखि सिकेका हुन् ।

धान भित्र्याएर अहिले उनीहरू फुसर्दिला छन् । फुर्सदमा बन्धुराम मुसा मार्न व्यस्त छन् । उनले मुसा मार्न तीन जनाको टोली नै बनाएका छन् ।राजबहादुर, भागिराम पनि दिउँसोको खाना बोकेर मुसा मार्न काँधमा फरुवा राखेर बिहानै बन्धुरामसँगै निस्कन्छन् । साँझ अबेरसम्म मुसा मारेर तीनै जना घर फर्कने गर्छन् । थारू समुदायले मुसा मारेर त्यसबाट चटनी, टिना (तरकारी), पकुवा (ओगोमा पोलेको) लगायत परिकार बनाएर खाने गर्दछन् ।

पाहुनालाई अन्य परिकारसँगै मुसाका परिकार पस्किने चलन थारू समुदायको पुरानै हो । "खान्कीमा मुसाको परिकार भएन भने खाना खाएकै रुच्दैन", बुधरामले भने, "त्यहीँ भएर मुसा मार्न साथीभाइसँग जाने गर्दै आएका छौँ, मुसा मार्ने परम्परा पुर्खौंदेखि चल्दै आएको छ, त्यसलाई निरन्तरता दिएका छौँ ।" धान काटेर खाली भएका खेतमा मुसा पाइने गरेका छन् । दिनमा २० देखि ३० वटा मुसा मारेर ल्याउने गरेको उनी बताउँछन् । "मुसा धेरै मिले बाँडेर घरमै लैजान्छौँ", भागिरामले भने, "थोरै भए खेतमै आगोमा पोलेर पकुवा बनाएर खाएर फर्कन्छौँ ।"

बुबाबाजेसँग अण्डैया पटैयामा मुसा मारेर ल्याएको सम्झना अङ्गनु चौधरीसँग छ । अहिलेको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रपर्ने अण्डैया पटैया पहिला निकै ठूलो गाउँ थियो । निकुञ्ज विस्तारका क्रममा त्यो गाउँ अहिले निकुञ्जभित्र पर्यो । मुसा पाइने क्षेत्रका रूपमा परिचित थियो । समूह बनाएर मुसा मार्न खेत खन्न जानेको सङ्ख्या निकै बढी हुन्थ्यो । "एक जनाको हिस्सामा ५० देखि ६० वटासम्म मुसा आउने गर्दथे", उनी भन्छन्, "अहिले मुसाको सङ्ख्या निकै कम छ, दिनभर खन्दा पनि मुस्किलले थोरै मुसा पाइन्छन् ।"

अङ्गनुका अनुसार पहिला मुसा मार्नका लागि ओद्रा, खप्का, छन्नक्या लगाउने परम्परागत चलन थियो । समुहमा मुसा मार्न गए फरुवाले मुसाको दुलो खनेर र दुलोमा पानी खन्याएर मार्ने गरिन्छ । यी मुसा मार्ने विधि भने अहिले पनि चलनचल्तीमा छन् ।

थारू समुदायमा मुसा सिकार (मार्ने) गर्ने कार्य सामूहिक र एकल रूपमा पुस्तौंदेखि चल्दै आएको छ । "पहिले मुसाको सिकार गर्न गाउँगाँउबाट हुलकाहुल जाने गर्दथे", रामबहादुर चौधरीले भने, "हाल थोरै जनाले मात्रै मुसा मार्न जाने गर्दछन्, युवाहरूले मुसा मार्न नै छाडिसके ।" थारू युवाहरू व्यावसायिक कार्यमा व्यस्त हुन थालेपछि पहिलाजस्तो मुसा मार्ने कार्य नहुने उनको भनाइ छ । चालीस वर्षमाथिका मात्रै मुसा मार्नका लागि जाने गरेका छन् ।

थारू समुदायले विशेषगरी गहुँबाली र धानबाली भित्र्याइसकेपछिको समय मुसाको सिकार गर्ने गर्छन् । यसबेला खेतमा अन्नपात नहुने र वर्षाको मौसम समाप्त हुनेहुँदा सहज रूपमा मुसाको सिकार गर्न सकिन्छ । पहिला वन क्षेत्रमा समेत थारू समुदायका मानिस मुसा मार्न जाने गरेका थिए ।

हाल वन क्षेत्रमा मुसालगायत अन्य जीवजन्तुको सिकार गर्न प्रतिबन्ध लागेपछि खेतमै मुसा मार्ने कार्य गर्दै आएका छन् । शिकार गरिएको मुसालाई अचार बनाएर, मासुका रूपमा, लौकाको तरकारीसँग मिसाएर, पोलेर नुन खुर्सानी दलेर खाने गरिन्छ । थारू समुदायले सबैभन्दा बढी लौकाको तरकारीसँग पोलेको मुसाको मासु मिसाएर खान रुचाउने गरेको रामप्रसाद चौधरी बताउँछन् ।रासस

# बाढी संकटग्रस्त क्षेत्र घोषणा गर्न संघीय सांसद तिमल्सिनाको माग

**दिलीप पाण्डे**

रौतहट । नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य देवप्रसाद तिमल्सिनाले रौतहटको माधवनारायण नगरपालिकालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न सरकारसंग माग गरेका छन् ।

गएको असोज १२ गते बागमती नदीमा आएको भीषण बाढीले माधवनारायण नगरपालिका समेत प्रभावित भएको भन्दै सांसद तिमल्सिनाले सरकारले माधवनारायण नगरपालिकालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने अति जरूरी रहेको बताए ।

बाढीले प्रभावित माधवनारायण नगरपालिकाको विभिन्न वडामा आज अनुगमन निरीक्षण गर्दै रौतहट निर्वाचन क्षेत्र नं ४ का संघीय सांसद तिमल्सिनाले सो कुरा बताएका छन् । सांसद तिमल्सिनाले बाढीले गढीमाई नगरपालिकाको धर्मपुर स्थित कटान गरेको तटबन्ध र सो बाँध फुटेका कारण प्रभावित भएका माधवनारायण नगरपालिकाको वडा नं ६,७,८ र ९ को विभिन्न स्थानमा आज बिहान अनुगमन निरीक्षण गरेका छन् ।



सो अनुगमन निरीक्षणको क्रममा सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिँदै सांसद तिमल्सिनाले बाढीले माधव नारायण नगरपालिकाको चारवटा वडा पूर्णरूपमा प्रभावित भए पनि सरकारले माधव नारायणलाई विपद् संकटग्रस्त क्षेत्रको सूचीमा समावेश नगरेको भन्दै आपत्ति जनाए । सो क्रममा उनले आफूले माधवनारायणलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्न गृहमन्त्री रमेश लेखकलाई आग्रह गरेको र गृहमन्त्री लेखकले सकारात्मक जवाफ दिएको सुनाए ।

गृहमन्त्री लेखकले माधवनारायणलाई बाढी संकटग्रस्त क्षेत्र घोषणा गर्ने आश्वासन दिएको भन्दै उनले सरकारले माधव नारायणलाई संकटग्रस्त क्षेत्र घोषणा गर्नेमा पूर्णरूपमा आशावादी रहन पीडितहरुलाई विश्वास दिलाएका हुन् । बाढीले माधवनारायणका नागरिक निकै पीडित बनेको र उनीहरू राहतको पर्खाइमा रहेकोले जसरी भएपनि माधव नारायणलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी पीडित परिवारहरूलाई राहत उपलब्ध गराउन आफू सरकार समक्ष प्रयास गर्ने उनले प्रतिवद्धता जनाए ।

गढीमाई नगरपालिका र माधवनारायण नगरपालिकाको सिमानामा पर्ने गढीमाईको धर्मपुर स्थित बागमती नदीको बाँध लगभग ३० मीटर लामो फुटेका कारण बागमती नदीको बाढी बस्तीमा प्रवेश गर्दा माधवनारायण नगरपालिकाको माधोपुर, खड्क रज्वाडा, लौकाहा फुलवरिया र गढो पूर्णरूपमा प्रभावित बनेको उनले बताए ।

बाढीले माधवनारायणको यी चार वटा वडामा बसोबास गर्ने हजारौं नागरिकको घरमा क्षति पुर्याएको छ भने हजारौं हजार विघामा लगाइएको धान, उखु र तरकारी बाली पूर्ण रूपमा नष्ट भई करोडौंको क्षति हुँदा पनि सरकारले माधव नारायणलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा नगर्नु दुःखद भएको उनले बताए ।

बाढीले कयौंको हजारौं विघा पोखरीको माछा बगाइदिएको र धान बाली पूर्ण रूपमा नष्ट हुँदा किसानहरू निकै चिन्तित भएको उनले बताए । माधवनारायण नगरप्रमुख वैजनाथ प्रसाद यादवले सरकारले आफूहरुको पालिकालाइ बाढी संकटग्रस्त क्षेत्र घोषणा नगरी चरम विभेद गरेको भन्दै सांसद तिमल्सिनालाई सुनाएपछि तिमल्सिना आज शुक्रवार बिहानै भत्केको बाँध र प्रभावित बस्तीमा अनुगमन निरीक्षण गर्न पुगेका थिए । सो क्रममा माधव नारायण नगरपलिकाका इन्जिनियर नागेन्द्र यादव, वडा अध्यक्षलगायतका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

# चाँदीसहित एक भारतीय नागरिक पक्राउ

**टुडे समाचारदाता**

रौतहट । सात लाख रुपैयाँभन्दा बढीको चाँदीसहित एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्लाको गौर नगरपालिका- १ मा रहेको भन्सार कार्यालय अगाडिको सडक खण्डमा चेकजाँचका क्रममा प्रहरीले भारतीय नागरिकलाई ७ हजार १ सय ८७ ग्राम चाँदीसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भारतको सितामढी जिल्ला बैरगनिया ८ असोगी निवासी ६२ वर्षिय चन्देश्वर साह रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।



बि आर ३० एफ ६६३५ नम्बरको मोटरसाइकलमा भारतबाट नेपाल तर्फ आउदै गरेका साहलाई प्रहरीले खान तलाशी गर्दा मोटरसाइकलको ट्यांकी मुनि लुकाएर नेपालतर्फ ल्याउँदै गरेको ७ लाख ७७ हजार ९२० रुपैयाँ बराबरको चाँदी फेला परेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक दिलीप घिमिरेले बताए ।

पक्राउ परेका साहलाई चाँदी र मोटरसाइकल सहित आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा दाखिला गरेको प्रहरी उपरीक्षक घिमिरेले बताए ।

# कहिलेदेखि सुरू भयो- मूर्ति पूजा ?

ब्लग :



श्यामसुन्दर शशि



विशेष अवसरहरुमा विभिन्न देवी देवताहरुको मूर्ति तथा प्रतीक निर्माण गरी पूजाअर्चना गर्नु मिथिलाञ्चलको पुरानो परम्परा हो । हालै सम्पन्न विजया दशमीमा दुर्गा, गणेश, सरस्वतीलगायतका देवी देवताहरुको पूजा अराधना गरेको दृश्यहाम्रो आँखा सामु ताजै होला । आउँदो साता आयोजन हुने काली पूजाका लागि काली, लक्ष्मी, गणेश आदि देवी देवताहरुको प्रतिमा बनाउँन कालिगढहरु तल्लीन छन् । असलमा अमूर्तलाई रूप बिम्बमा कल्पना गरेर बनाइने आकृति मूर्ति हो । शिल्पीहरु अमूर्त अदृश्य आकृतिलाई मूर्त रूप दिन्छन् । अक्षरको उत्पति र विकासवारे गहिंरिएर अध्ययन गर्दा अक्षर र लिपिहरु पनि एक प्रकारका मूर्ति नै हुन् । पछिल्ला समय मूर्ति कलाबारे औपचारिक अध्ययन अनुसन्धान पनि सुरु भएको छ । जसलाई मूर्ति शास्त्र वा प्रतिमा शास्त्र भनिन्छ । प्राण प्रतिष्ठा गरिएका मूर्ति अर्थात् पूजा गरिने मूर्तिलाई प्रतिमा भनिन्छ ।आज देवी देवताको जुन स्वरुप हामी देख्छौं, त्यो काल्पनिक हो । जसको स्रष्टा मूर्तिकारहरु अर्थात् मानिसहरु हुन् । मिथकहरुमा देवी देवताले मानिस बनाएको भनिए पनि देवी देवताहरुको स्वरुपको परिकल्पना र निर्माण मानिसले नै गरेका हुन् । यस अर्थमा मानिसले देवी देवता गढेका हुन् । मध्यकालीन साहित्यहरुमा पनि केही देवताका स्वरुपको चित्रण पाइन्छ जो पछि शिल्पीहरुको कल्पनाको आधार बनेका हुन सक्छन् ।

तर, मिथिला समाजमा यत्रतत्र सर्वत्र हुने मूर्ति पूजाको उल्लेख सनातनीहरुको आदिग्रन्थ वेदमा भने पाईदैन । वेदमा मूर्ति पूजाको नभइ प्रकृति पूजाको विधान छ । पूजा पाठको नभइ होम, हवन र प्रार्थनाको प्रावधान छ ।आदि मानव प्रकृति पूजक थिए । प्रकृति जसलाई आदि मानवहरु आफ्नै आँखाले देख्न सक्थे । कानले सुन्थे अनि शारीरिक रुपले अनुभव गर्थे । वेदमा सूर्य, वायु, अग्नि, पानी (ईन्द्र) आदिलाई देवी देवताको रुपमा उल्लेख पाइन्छ । यजुर्वेदमा उल्लेख छ- 'स पर्यगात् शुक्रं अकायं अव्रणं अस्नाविरं शुद्धं अपापविद्धम् । कविर्मनीषि परिभू स्वयंभू र्याथातथ्यतो । व्यदधाच्छाश्वतीभ्यः समाप्तः ।' अर्थात् जुन परमेश्वर सर्व व्यापक आदि विशेषण युक्त छ जो अकायं अर्थात् शरीर रहित छ । अव्रणं अर्थात् छिद्र रहित छ । अस्नाविरं अर्थात बन्धनमुक्त छ । त्यो मूर्तिको रुपमा कैद हुनै सक्दैन । वेद भन्छ- 'न तस्य प्रतिमा अस्ति यस्य नाममहद्यशः ।' अर्थात् त्यो महान यश कीर्ति भएका ईश्वरको कुनै प्रतिमा हुदैन । हो, पुराण तथा ब्राह्मण ग्रन्थहरुमा देवी देवताको नाममा दान दक्षिणा आदि लिने प्रयोजनका लागि मूर्ति पूजाको विधान भने राखिएको पाइन्छ । सुरुमा वास्तु र खगोल शास्त्रका जानकारहरुले वास्तु र खगोल सम्बन्धी मूर्तिहरु बनाएका थिए । केहीले भने आफ्ना पूर्वजहरुका मूर्ति बनाए । अनि केहीले कुल देवता तथा ग्राम देवताहरुको काल्पनिक मूर्ति बनाए ।

तर भारतीय उपमहाद्वीपमा मूर्ति पूजाको संस्थागत थालनी भने बुद्ध र महावीरका शिष्यहरुले गरेका थिए । यद्यपि बुद्ध स्वयं मूर्ति पूजाका विरोधी थिए, तर उनको महानिर्वाण पश्चात् उनका शिष्यहरुले बुद्धका अनेकौं प्रतिमा निर्माण गरे । महावीरका शिष्यहरुले पनि अनेकौं प्रतिमा बनाए । प्रतिमाहरुको सुरक्षा तथा ध्यान र प्रार्थनाका लागि बौद्ध, स्तूप तथा आश्रमहरु बनाए । मूर्ति बुद्ध र महावीरको निर्माण गरिए पनि यसमा पूजा, अर्चना र ध्यान गर्न हिन्दुहरु पनि जाने गर्थे । अनि देखासिकी हिन्दुहरुले पनि राम, कृष्ण आदि देवी देवताका मूर्ति बनाउँन थाले । मूर्ति व्यवस्थापन तथा ध्यान र प्रार्थना गर्ने उद्देश्यले मन्दिरहरु बनाए । स्मरणीय के पनि छ भने त्यतिबेलाका मन्दिरहरु पूजा पाठका लागि नभई ध्यान र प्रार्थनाका लागि निर्माण गरिएका थिए । पछि त्यहाँ पनि पण्डित पुजारीको प्रवेश भयो । दान दक्षिणा एवं मठ मन्दिरहरुको नाममा सम्पति जम्मा गर्ने क्रम सुरु भयो ।

असलमा मूर्ति पूजा भनेको प्रतीक पूजा हो । हिन्दुहरुदेवी देवताको प्रतीक मूर्तिको रुपमा बनाउँछन । मुसलमानहरु मूर्ति पूजा नगरे पनि मस्जिदहरुमा एउटा स्थान विशेषलाई प्रतिकको रुपमा स्थापित गरेर इवादत गर्छन् । अन्य धर्महरुमा पनि कमोवेश प्रतीक पूजा गर्ने चलन छ ।

तर मिथिलाञ्चलमा मूर्ति पूजाको भावात्मक पक्ष पनि उजागर हुन्छ । भूमिबाट सीता जन्मेको मिथिला भूमिमा सीता जस्तै दुर्गा, सरस्वती, लक्ष्मी, काली आदि देवीहरुलाई चेली बेटीको रुपमा स्नेह गर्ने चलन छ । विधिवत निम्तो दिएर आमन्त्रित गरिन्छ । आगमनको अवसरमा सोहर र बधैया गाएर हर्ष बधाई गरिन्छ । सुस्वादु प्रसाद अर्पण गरिन्छ, अनि विदाईको बेला करुण रसको समदाओन गाएर विदा गरिन्छ ।

तर पछिल्लो पटक मिथिलाञ्चलको त्यो भावात्मक पक्ष देखिन छाडेको छ । युवा क्लबहरुले दुर्गा पूजा, काली पूजा, सरस्वती पूजा तथा कृष्णाष्ठमी जस्ता मूर्ति पूजा हुने अनुष्ठानहरुलाई पनि महोत्सवको रुप दिन थालेको छ ।

# गढीमाई मेला मंसिर १ देखि लाग्ने



**टुडे समाचारदाता**

बारा । बाराको बरियारपुरमा लाग्ने गढीमाई मेला मंसिर १ गतेदेखि लाग्ने छ । सो मेलाका लागि शोभायात्रा निकालिसकिएको छ भने थप तयारी भइरहेको मेला व्यवस्थापन समितिले जनाएको छ ।

प्रत्येक पाँच वर्षमा लाग्ने मेलामा आन्तरिक तथा बाह्य गरी लाखौं श्रद्धालु गढीमाई मेला भर्नका लागि आउने गर्छन् । महागढीमाई नगरपालिका- १ स्थित बरियारपुरको तुलजा भवानीका रूपमा समेत पुजिने गढीमाई मन्दिर विशेष गरी बलीका कारण सधैं चर्चामा रहने गरेको छ ।

भाकल पूरा भएपछि श्रद्धालुले इच्छ्याए अनुसारको बली दिने गर्छन् । हजारौंको संख्यामा पशुबली दिइने यस मन्दिरमा तान्त्रिकले रगत चढाएपछि बली प्रदान सुरु हुन्छ । मन्दिरमा राँगा, बोकाजस्ता जनावरको बली दिइने गरिन्छ ।

सो मन्दिरपरिसरबाट हात्ती, घोडा, उँटलगायत झाँकी प्रदर्शन गर्दै यसै वर्षको दशैंको घटस्थापनाको दिन शोभायात्रा निकालिएको थियो । मंसिर शुक्ल पक्ष सप्तमी तिथिका दिन तान्त्रिक वा मूल धामीले विधिपूर्वक विशेष रूपमा पूजा गरी पञ्चबलि दिने परम्परा रहेको छ ।

आगामी मंसिर १ गतेदेखि मेला लाग्दै छ । गढीमाईको विशेष पूजा मंसिर २३ देखि २५ गतेसम्म हुने र मंसिर ३० गते आइतबार विसर्जन हुने मेला व्यवस्थापन समितिले जनाएको छ । विशेष पूजाका लागि भने श्रद्धालुले पाँच सय रुपैयाँ मन्दिरमा दान गर्नुपर्ने व्यवस्था छ ।

स्थानीयका अनुसार हजारौं वर्ष पहिले हत्या कसुरमा जेल सजाय भोगिरहेका एक व्यक्तिको सपनामा देवीले दर्शन दिएकी थिइन् । मकवानपुरगढीकी तुलजा भवानी अर्थात् गढीमाईले सपनामा आफूलाई आफ्नो गाउँमा लैजान भनेकी थिइन् । यसो गरेमा जेलजीवनबाट मुक्त हुनेसमेत उनले बताइन् भन्ने धार्मिक विश्वास छ ।

यसपछि जेलमा रहेका भगवानदास चौधरी कैदमुक्त भएको र उनका दुःख तथा समस्या समाप्त भएको धार्मिक मान्यता स्थानीयवासीमा रहेको छ । गढीमाईले दिएको त्रिशूल चौधरीले बरियारपुरमा ल्याएर गाडेपछि पूजापाठ सुरु भएको र मन्दिर बनाइएको स्थानीय विश्वास गर्छन् ।

चौधरीकै नवपुस्ताले अहिले पनि सो मन्दिरमा नियमित पूजाअर्चना गर्दै आएका छन् । मन्दिरको रेखदेख र दैनिक पूजा गर्ने मूल पुजारी आफूलाई भगवानदास चौधरीको १०औं पुस्ता मान्दै आएका छन् ।

गढीमाई नेपाल मात्रै नभई भारतसहित हिन्दुधर्म मान्नेहरूका लागि मत्वपूर्ण शक्तिपीठका रूपमा रहेको छ । यहाँ आएर गरिएको मनोकामना पूरा हुने धार्मिक विश्वास छ । गढीमाईमा विशेषगरी राँगाको बली दिने गरिन्छ । यसका साथै मुसा, परेवा, बोका, राँगा र खरायो गरी पाँच पशु एवं पक्षीलाई पञ्चबलिका रूपमा देवीलाई अर्पित गर्ने परम्परा रहेको छ ।

सो मेला भर्न पञ्चकोशी वर्गबाट करोडौं दर्शनार्थी आउने गर्छन् । सो मेला व्यवस्थापन समितिका अनुसार यस वर्ष एक हजार बिघामा मेला लाग्ने जनाएको छ । जसमा विभिन्न स्टलदेखि मनोरञ्जनका साधन, पार्किङ, सात वटै प्रदेशका कृषिजन्य वस्तु आदि राख्ने तयारी रहेको छ । संसारमै सबैभन्दा बढी बली प्रदान हुने मन्दिर भएकाले अन्तर्राष्ट्रियस्तरमा पनि यसको चर्चा हुने गरिन्छ ।

# 'क्रान्ति' छाडेर 'मुक्ति' तर्फ लागे राजेन्द्र महतो

**टुडे समाचारदाता**

जनकपुरधाम । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट विद्रोह गरी 'राष्ट्रिय मुक्ति क्रान्ति'को नाममा छुट्टै अभियान चलाएर पार्टी गठन गर्ने अभियान लागेका नेता राजेन्द्र महतोले क्रान्ति छाडेर मुक्ति तर्फ लागेका छन् ।

दल दर्ता गरेका पूर्वमन्त्री राजेन्द्र महतोले राष्ट्रिय मुक्ति पार्टी नेपाल नाम रोजेका छन् । यस अघि उनले देशव्यापीरुपमा औपनिवेश तथा विभेदको अन्त्यका लागि भन्दै क्रान्ति मुक्ति अभियान नै संचालन गरेका थिए ।



असोज १ गते पार्टी खोल्ने घोषणा गरेका उनले शुक्रबार विधिवतरुपमा निर्वाचन आयोगमा राष्ट्रिय मुक्ति पार्टी नेपाल दर्ता गराउँदै माछा चुनाव चिन्हसमेत रोजेका छन् ।

सुरुमा सो पार्टीका अध्यक्षसमेत रहेका पूर्वमन्त्री महतोले अभियानकै नामबाट 'राष्ट्रिय मुक्ति क्रान्ति नेपाल' राख्न खोजेका बताइएको छ । तर निर्वाचन आयोगले दलको नाममा 'क्रान्ति' शब्द हटाए दिएपछि राष्ट्रिय मुक्ति पार्टी नेपाल मात्र रहेको छ ।

नेता महतोको अध्यक्षतामा गठन गरिएको सो दलमा अहिले १७३ जना केन्द्रीय सदस्य रहेको छ ।

सो पार्टीको अध्यक्षमा राजेन्द्र महतो छन् भने अरु सबै जनालाई केन्द्रीय सदस्य रहेका छन् । सो पार्टीको चुनाव चिन्ह माछा रहेको छ ।

नेपाल सद्भावना पार्टीबाट राजनीति यात्रा सुरु गरेका अध्यक्ष महतो लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट विद्रोह गरी उनले आफ्नै नेतृत्वमा राष्ट्रिय मुक्ति क्रान्ति गठन गरेर विभिन्न अभियानहरु चलाउँदै आएका थिए ।

# रवि साह पक्राउ गरेपछि प्रहरी कार्यालय घेराउ

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको भ्रातृसंगठन नेपाल तरुण दलका केन्द्रीय सदस्य रवि साहलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषामा सहभागी भएका एक छलफलको क्रममै प्रहरीले केन्द्रीय सदस्य साहलाई प्रहरीले हिरासतमा लिएका छन् । उनलाई हिरासतमा लिएपछि नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरुले जिल्ला प्रहरी कार्यालय घेराउ गरेका छन् ।



जनकपुरधाम उपमहानगरपालिका- १९ स्थित शिवपुरमा रहेको जनता माध्यमिक विद्यालयमा भएको अनियमितताबारे अभिभावकहरुले प्रधानाध्यापकसंग सोधखोज गर्दा पनि सूचना पारदर्शी नगरेको भन्दै प्रहरी कार्यालयमा निवेदन दिका थिए । सो निवेदन उपर शुक्रबार छलफलका लागि विद्यालयका प्रधानाध्यापक, सो वडाका वडा अध्यक्षसमेत रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षसमेत उपस्थित रहेका थिए ।

प्रहरीकै रोहबरमा भएको सो छलफलको क्रममा रवि साहलाई एकाएक पक्राउ गर्दै हिरासतमा लिएपछि आफूहरु जिप्रका घेराउ गर्दै नारावाजीसमेत गरेको एक कार्यकर्ताले बताए ।

सो प्रदर्शनका क्रममा कांग्रेस धनुषाका सभापति योगेन्द्र पँजियारले गल्ती गर्नेलाई प्रहरीले पक्राउ नगरी संरक्षण गर्ने र विद्यालयमा भएको अनियमितता खोज्नेलाई पक्राउ गर्नु दुःखद भएको प्रतिक्रिया दिए ।

**जलवायु परिवर्तनका असरबाट बचौं र बचाऔं**

**जलवायु परिवर्तनका असरलाई दृष्टिगत गरीः**

- अनावश्यक उर्जाको खपत नगरौं,
- सुधारिएको चुल्हो, बायोग्याँस, सौर्य उर्जा जस्ता नविकरणीय उर्जा प्रयोग गरौं,
- सकेसम्म विद्युतबाट चल्ने सवारी साधनको प्रयोग गरौं,
- वनजंगल संरक्षण र वृक्षारोपण गरौं,
- काम नलाग्ने सामानको पुनः प्रयोग, पुनः प्रशोधन गरौं,
- घरबाट निस्कने फोहोरलाई जथाभावी नफालौं,
- जैविक फोहोरलाई कम्पोष्ट मल बनाऔं,
- आफ्नो छरछिमेक र गाउँघरमा भएका परम्परागत ज्ञानलाई संरक्षण र प्रवर्द्धन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८